# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा छ को 'हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको अध्ययन रहेको छ। यो शोध पत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश ने.पा.शि. ५९८ को उद्देश्य पूरा गर्ने प्रयोजनले तयार गरिएको छ।

हाम्रो देश नेपाल विभिन्न जात जाति, भाषा भाषि तथा धर्म संस्कृतिका मानिसहरूको बसोवास रहेको पाइन्छ। आ-आफ्नो धर्म संस्कृति मान्न पाउने सबैको स्वतन्त्र हक रहेको छ। गाउँ, घरमा आ-आफ्नै किसिमका भाषा बोल्ने गरिन्छ। धेरै जसो मानिसहरूले नेपाली भाषामा नै आफ्नो कुराकानी गर्ने गर्दछन्। सरल वोलचालको भाषा भएकोले नेपाली भाषा नै बढी प्रयोगमा आएको छ।

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुका साथैविद्यालय तहको शिक्षाको प्रमुख माध्यमको रूपमा रहदै आएको छ। त्यसैले विद्यालय तहको शैक्षिक क्रियाकलापका लागि नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ। विद्यालय तहको प्रारम्भिक कक्षादेखि उच्च तहसम्म अनिवार्य विषयको रूपमा नेपाली भाषालाई राखिएको छ। यसमा उच्च मा.वि. +२, स्नातक तह, स्नातकोत्तर तह, एम.फिल र अनुसन्धान तह सम्म नेपाली भाषामा पठन पाठन गरिएको छ। तसर्थ नेपाली भाषालाई नेपालको कानुनले संवैधानिक मान्यता प्राप्त गरेकोछ। त्यसकारण नेपाली भाषा सरकारी कामकाज, राष्ट्रभाषा र मानक तथा पठन पाठनका लागि स्तरीय भाषाको रूपमा रहेको छ।

नेपाल सरकारले पाठ्क्रम तय गरी नेपालको ७५ वटै जिल्लामा कार्यान्वयन गरेको छ। नेपाली विषयलाई प्रभावकारी र व्यवहारिक ढङ्गले सिकाइ गर्न पाठ्यक्रमले निर्देश गरेको छ। पाठ्यक्रमका आधारमा भाषिक सीपहरू निर्धारण गरिएको हुन्छ। विभिन्न विधागत क्षेत्र र क्रमका आधारमा पाठहरूको वितरण गर्ने गरिन्छ। यसको मूल उद्देश्य

विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सीप तथा सृजनात्मक क्षमताको विकास गर्नु रहेको हुन्छ ।

प्रस्तुत शोधपत्र कक्षा ६ को 'हाम्रो नेपाली किताब' भित्र समाविष्ट कविताहरूको अध्ययनमा मात्र केन्द्रित रहेको छ । निम्न माध्यमिक तह कक्षा ६ को सरकारी स्तरको हाम्रो नेपाली किताब नेपाल सरकार शिक्षा मान्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर परिमार्जित दोस्रो सस्करण वि.सं. २०७० को किताब भित्रका कविता विधामा समाविष्ट पाठहरूको पाठ्यक्रमका आधारमा भाषिक सीप, पाठको स्तरीयता, भाषिक उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरी भाषा पाठ्यपुस्तकका सबल तथा दुर्बल पक्षहरूको जानकारी गराउनु र सकरात्मक सुझाव दिनु प्रस्तुत शोधको मुख्य अभिप्राय रहेको छ ।

## १.२ समस्या कथन

भाषा पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्यका आधारमा भाषा पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । पाठका विभिन्न विधाहरू क्षेत्र, क्रम समेटेर पाठ्यपुस्तक तयार गरी विद्यालय तहमा कार्यान्वयन गराई भाषिक उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको हुन्छ । तसर्थ भाषा पाठ्यपुस्तकमा समावेश गरिएका अध्ययन एवम् अनुसन्धान वर्तमान परिवेशमा निकै महत्त्वपूर्ण मानिदै आएको छ । यसकारण यस शोधपत्रमा निम्न बुँदाहरूलाई समस्याको रूपमा लिइएको छ :

क) कक्षा ६, को 'हाम्रो नेपाली' किताबमा भाषा पाठ्यक्रमको उद्देश्य अनुरूप कविता विधा राखिएको छ, छैन ?

ख) पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पाठ्यपुस्तकमा समाविष्ट कविताहरूबाट पूरा भएका छन् ?

ग) कविताको संरचनात्मक पक्ष कस्तो छ ?

घ) छनोट र स्तरणको आधारमा ती कविताहरूको स्थिति कस्तो छ ?

ङ) विद्यार्थीहरूको स्तर, उमेर रुचि तह अनुसार उपयुक्त छ कि छैन ?

## १.३ अध्ययनका उद्देश्यहरू

कुनै पनि खोज तथा अध्ययन एउटा उद्देश्य लिएर मात्र गरिन्छ । उद्देश्यविनाको विषयवस्तु तथा खोज प्रभावकारी हुदैन । त्यसकारण प्रस्तुत यस शोधको निम्न उद्देश्य रहको छ :

क) कक्षा छ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट भएका कविताहरू पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्नु ।

ख) पाठ्यक्रमले अपेक्षा गरे अनुसार कविताहरूको उद्देश्य स्थिति केलाउनु

ग) पाठ्यपुस्तकमा प्रयुक्त कविताहरूको संरचनात्मक पक्षको विश्लेषण गर्नु

घ) छनोट र स्तरणका आधारमा पाठ्यपुस्तकमा प्रयुक्त कविताहरूको स्थिति केलाई लेखा जोखा गर्नु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत अध्ययन तथा खोज कार्य निकै जटिल मानिन्छ । कुनै पनि विषयवस्तुको सूक्ष्म अनुसन्धान विभिन्न विषयको आधारमा केन्द्रित रहेर गर्ने गरिन्छ । तसर्थ यस शोधपत्र शुरु देखि अन्तिम निष्कर्ष सम्म पुगन निम्न प्रश्नहरूमा केन्द्रित रहेर अध्ययन कार्य गरिएकोछ :

क) पाठ्यपुस्तकमा छनोट भएका कविताहरू पाठ्यक्रम अनुसार के-कस्तो रहेको छ ?

ख) पाठ्यक्रमले अपेक्षा गरे अनुसार कविताहरूको उद्देश्यहरू के-कति पूरा भएका छन् ?

ग) कविताको संरचनात्मक पक्ष कस्तो छ ?

घ) पाठ्यपुस्तकमा समाविष्ट कविताहरू छनोट र स्तरणका आधारमा उपयुक्त छ कि छैन ?

ङ) विधागत पाठहरूको वितरण कस्तो छ ?

च) विद्यार्थीहरूको उमेर, रुचि स्तर, तह अनुसार उपयुक्त छन् कि छैनन् ?

## १.५ अध्ययनको महत्त्व/औचित्य

खोज तथा अनुसन्धान कार्य एक आफैमा महत्त्वपूर्ण विषय हो । विषयवस्तुको गहिरो अध्ययन गरेपछि एउटा निष्कर्ष निस्कन्छ । त्यसैको आधारमा अध्ययनको महत्त्व प्राप्त हुने गर्दछ । यो अध्ययनको महत्त्वलाई निम्न बुँदामा उल्लेख गरिएको छ :

क) पाठ्यपुस्तकमा समावेश कविता विधाका अपुग कुराको खोजी गर्नु

ख) कविता विधामा छनोट र स्तरणमा भएका त्रुटिको पहिचान गर्नु

ग) पाठ्यक्रमले तयार पारेको क्षेत्रलाई समेट्न कविता सफल हुनु

घ) समय सापेक्ष छन्द, गीतिलय र मुक्त लयका कविताको प्रयोग र महत्त्व बुझ्नु

ङ) विद्यार्थीहरूमा कविता विधाका भाषिक सीपहरूको सहज रूपमा विस्तार गर्नु

च) कविता विधामा भएका कमीकमजोरीको बारेमा सम्बन्धित पक्षलाई सल्लाह र सुझाव दिनु ।

## १.६ अध्ययनको परिसीमा

शोधको अध्ययन क्षेत्रलाई सीमितता गर्ने काम गरिन्छ । शोधको कार्य शुरु देखि अन्तिम सम्म पुग्दा निश्चित क्षेत्र तोकिन्छ । तसर्थ यहाँ यस शोधको अध्ययनलाई निम्न परिसीमामा सीमित गरिएको छ :

क) प्रस्तुत अध्ययन पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्धारित निम्न माध्यमिक तहको 'आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ र कक्षा ६ को 'हाम्रो नेपाली' पाठ्यपुस्तक २०७० (दोस्रो संस्करण) मा सीमित रहेको छ ।

ख) यस अध्ययनले कक्षा-६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधालाई मात्र समेटिएको छ ।

## १.७ प्रयुक्त मुख्य मुख्य शब्दहरूको अर्थ/परिभाषा

माधुर्य - (तत्स./वि.) मधुर वस्तुमा हुने गुण, मिठोपन

अभूतपूर्व - (तत्स./वि.) आश्चर्यजनक, पहिले, कहिल्यै नभएको वा देखा नपरेको

उद्वारवादी- (तत्स./वि.) फराकिलो मनको, सोचाइको

ओतप्रोत- (तत्स./वि.) कुनै भाव वा विचारले भरिएको, भरिपूर्ण

औपदेशिक- (तत्स./वि.) अर्ती भएको, उपदेश

सत्बुद्धि- (ना.) असल राम्रो बुद्धि, सत्कार्यमा लाग्ने

ओज - (तत्स./वि.) व्यक्तिमा हुने विशेष तेज वा शक्ति

सम्मिश्रण- (तत्स./ना.) धेरै वस्तु एकै ठाउँमा मिल्ने वा मिसिने काम, मिश्रण, मिसावट

मुहार - (ना.) मुखको आकृति, अनुहार, चेहरा

सुमधुर - (तत्स./वि.) सुन्दा धेरै मिठो, स्वादिष्ट

सोरठी- (ना.) गुरुङ, मगर आदि जातिमा प्रचलित एक प्रकारको लोकनृत्य

ढोलक- (ना.) सानो ढोल बाजा

ढोलकी- (ना.) ढोलक, ढोलक बजाउने व्यक्ति

खैंजडी- (ना.) भजन कीर्तनमा बजाइने एक प्रकारको तालबाजा

प्रीति- (तत्स./ना.) स्त्री र पुरुषबीच हुने प्यार, प्रेम

खोच - (ना.) दुई पहाडकाबीचको साँघुरो ठाउँ, कोप्चो परेको जमिन, कुनो

फरफर- (क्रियो.)कपडा, कागज, आदि हावाले हल्लाउदाको किसिम फुरफुर

हरर- (क्रियो.) आगो बाल्दा, हावा बहँदा वा बास्ना चल्दाको किसिम हरहर

**तत्स - तत्सम् , क्रियो.- क्रियायोगी, वि.-विशेषण, ना.- नामपद**

# परिच्छेद दुई

# सम्वन्धित सहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

प्रस्तुत अध्ययन कविता विधा व्यवहारवादसँग सम्बन्धित रहेको छ । व्यवहारवादले सिकारुको आन्तरिक तथा वाह्य पक्षको अध्ययन गर्ने गर्दछ । कविता विधा अन्य विधा मध्ये कै एक महत्त्वपूर्ण विधाको रूपमा लिइने गरिन्छ । मानिसको मनका विचार भावनालाई कलात्मक रूपमा कविताको माध्यमबाट प्रस्तुत गर्ने गरिन्छ । मानवीय जीवनका दुःख सुःखका अनुभूतिलाई प्रकट गर्ने सजिलो माध्यम कविता विधा रहेको छ । मूलत : यो शोधपत्र व्यवहारवादका अतिरिक्त संज्ञानवादी र रचनावादसंग सम्बन्धित रहेको छ ।

## २.२ सम्वन्धित साहित्यको पुनरावलोकन

प्रस्तुत शोधपत्रसँग सम्बन्धित कविता विधामा हाल सम्म के कति अध्ययन अनुसन्धान भएका छन् भनि खोजी कार्य गरिएको छ । विगत देखि हालसम्म विद्यालय तहमा पढाइ हुने नेपाली पाठ्यपुस्तकमा छनोट गरिएका कविता, कथा, निबन्ध प्रवन्ध, जीवनी, चिठ्ठी, नमूना अभ्यास तथा भाषिक सामर्थ्य जस्ता विषयहरूमा थुप्रै शोधकर्ताहरूले शोध कार्य गरेका छन् ।

भण्डारी (२०६३) द्वारा लेखिएको स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण नामक पुस्तकभित्र २०५ वटा शोधविवरण उल्लेख गरिएको छ । यसमा विभिन्न शोधकर्ताहरूले विभिन्न विषयमा खोज तथा अनुसन्धान कार्य गरेका विवरणहरू उल्लेख गरिएको छ । त्यसमध्ये नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा भएका गुनाकार भण्डारी (२०५५) द्वारा लेखिएको शोधपत्र माध्यमिक तहका भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कविताको अध्ययन विश्लेषण शोध पत्र पहिलो मानिन्छ । यस शोधपत्रमा पाठ्यक्रम अनुरूप नीति प्रधान र प्रकृति प्रधान कविता नभएको, अङ्क विभाजन नभएको, शब्दार्थमा त्रुटि भएको तथा गद्य कविता नभएको जस्ता कमजोरीहरू औल्याइएको छ । यस शोधपत्रमा माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा तयार पारिएका कविताहरूको शीर्षक, विधा,

अलङ्कार विधा, शब्द, अर्थ र वाक्य, लय विधा, दृष्टिविन्दु र संरचनाका आधारमा विश्लेषण गरिएको छ ।

खनालले (२०५८) द्वारा कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको विश्लेषणात्मक अध्ययन शीर्षक प्रस्तुत गरेको पाइन्छ । यस शोधपत्रमा कक्षा ९ र १० का अनिवार्य पाठ्यक्रम अनुरूपता पहिल्याउने, पाठ र अभ्यासको स्तरण र छनोटको अध्ययन गरिएको छ । कवितालाई विभिन्न शीर्षक, लय, भाषाशैली, भाव विचार, दृष्टिविन्दु, विम्वप्रतीक आदिको आधारमा कविताको विश्लेषण गरिएको छ । पाठ्यक्रमले निर्देशित गरेका नीति, इतिहास, समाज, प्रकृति, संस्कृति प्रधान गरी विभिन्न किसिमले वर्गीकरण गरेको पाइन्छ । तर लोकप्रधान र मनोविश्लेषणात्मक पर्याप्त नभएको कुरा समेत यस शोधपत्रमा उल्लेख गरिएको छ ।

त्यसैगरी पाण्डे (२०५९) द्वारा लिखित कक्षा ५ को मेरो नेपाली पाठ्यपुस्तकमा प्रर्युक्त कविताहरूको विश्लेषणात्मक अध्ययन नामक शोधपत्रमा छनोट र स्तरणका दृष्टिले कविताको क्रम नमिलेको कुरा उल्लेख गरेको पाइन्छ । उक्त पाठ्यपुस्तकमा म कस्तो हुँ र गरिव कविता जटिल प्रकृतिको छनोट गरिएको छ । यो सरल देखि जटिल क्रममा शब्दहरूप्रयोग भएका छैनन् ।वालवालिकाको दैनिक जीवनमा प्रयोग हुने खालका शब्दहरू देखिदैनन् । संस्कृतका कठिन शब्दहरूको छनोट गरिएको पाइन्छ । त्यसकारण कविता विधाको क्रम सरलदेखि जटिल सिद्धान्त अनुसार छनोट गर्नुपर्ने, विद्यार्थीको जीवनमा प्रयोग हुने खालको शब्दहरूको प्रयोग गर्नुपर्ने उद्देश्य तथा शिक्षण विधिलाई कक्षागत रूपमा निर्धारण गर्नुपर्ने जस्ता सुझावहरू उल्लेख गरिएको छ ।

निरौला (२०७०) द्वारा लिखित पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको अध्ययन शीर्षकको शोधपत्रमा कक्षा ९ र १० को नेपाली पाठ्य पुस्तकमा रहेका छ वटा कविताहरूलाई छुट्टाछुट्टै संरचनागत तबरले सूक्ष्म रूपमा विश्लेषण गरेको पाइन्छ । धेरै कुराहरू पाठ्यपुस्तकका कविताले समेटेपनि कक्षा १० को कविता भन्दा ९ का कविताहरू धेरै गाह्रो रहेकोले छनौट र स्तरणलाई त्यति ख्याल नगरेको कुरा यस शोधपत्रमा उल्लेख गरिएको छ ।

लामिछाने (२०६५) छैटौं संस्करणद्वारा लिखित नेपाली भाषा शिक्षण परिचय नामक पुस्तकमा कविता शिक्षण शीर्षक अन्तर्गत प्रयोजन विधि र यसको शिक्षण

कार्यकलापको बारेमा चर्चा गरिएको छ । कसरी शिक्षण गर्ने, कविता शिक्षणका विधि र प्रयोग विषयमा स्पष्ट धारणा लामिछानेले राखेपनि कस्ता खालका कविताहरू पाठ्यपुस्तकमा समावेश गर्ने भन्ने बारे उल्लेख गरेको पाइदैन ।

अधिकारी र शर्मा (२०६५) द्वारा लिखित प्रारम्भिक नेपाली शिक्षण नामक पुस्तकमा कविता शिक्षण सम्बन्धि निकै चर्चा गरिएको छ । "कविता शिक्षणबाट उच्चारणमा सुधार शब्दभण्डार र रचना सामर्थ्य बढाउन जस्ता महत्त्वपूर्ण भाषिक क्षमताको विकासमा मद्दत मिल्दछ (अधिकारी र शर्मा २०६५ : पृ.सं. १०८) ।" उक्त पुस्तकमा कविता शिक्षणको प्रयोजन र कार्यकलापको वारेमा उल्लेख गरिएको छ । यसमा प्राथमिक तहको नेपाली भाषा शिक्षण सम्वन्धि चर्चा गरिएको छ । निम्न माध्यमिक र माध्यमिक नेपाली कविताको अध्ययन भने भएको छैन ।

कविता विधामा केन्द्रित रहेर यस अघि अग्रज शोधकर्ताहरूले थुप्रै अनुसन्धान कार्य गरे पनि निम्न माध्यमिक तह कक्षा ६ को हाम्रो नेपाली किताव भित्रको कविताहरूको अध्ययन विश्लेषण गरेको पाइदैन । नयाँ पाठ्यक्रम (२०६९) ले निर्देश गरे अनुसार कविता विधाको छनौट र स्तरण भएको छ छैन ?, पाठमा कविताहरूको संरचनात्मक पक्ष कस्तो छ ?, विद्यार्थीहरूको स्तर, उमेर, रुचि, तह अनुसार उपयुक्त छ छैन ? आदि पक्षको अध्ययन विश्लेषण गर्ने कार्यमा यस अघि गरिएको शोध अध्ययनले विशेष सहयोग पुऱ्याएको छ ।


## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

प्रस्तुत शोध कार्य सम्पन्न गर्नको लागि सैद्धान्तिक साहित्यको पुनरवलोकन र सम्बन्धित साहित्यको पुनरवलोकनले यस अनुसन्धान कार्यलाई महत्त्वपूर्ण रूपमा सहयोग पुऱ्याएको छ । विगत देखि वर्तमान सम्म गरिएका अनुसन्धान कार्यबाट के कस्ता निष्कर्ष प्राप्त भए र भावि शोध कार्यका लागि के कस्ता शीर्षकहरू चयन गरिएका छन् भन्ने कुराको जानकारी यस अध्ययनको पुनरवलोकनबाट प्राप्त भएको छ । तसर्थ पूर्व कार्यको अध्ययन र अनुसन्धानले यस शोध कार्यलाई निकै उपलब्धि मूलक बनाउनमा मद्दत गरेको छ साथै शोध कर्तालाई आफ्नो अध्ययनको निष्कर्षमा पुगी उपयुक्त सुझाव प्रदान् गर्न सहयोग गर्ने छ ।

## २.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा

प्रस्तुत शोध कार्य गर्दा निश्चित सिद्धान्तमा आधारित भई अनुसन्धान गरिएको छ। प्रस्तुत कविताको अध्ययन विश्लेषण कार्य विभिन्न कविताका तत्त्वहरूको आधारमा यसका रूपहरूको आधारमा गरिएको छ। मूलतः पाठ्यक्रमको आधारमा छनोट र स्तरण गरिएको छ छैन, संरचनात्मक पक्षमा समेत केन्द्रित भएर यो शोध कार्य गरिएको छ। कविता विधासँग सम्बन्धित श्रद्धेय गुरुहरूसँग समेत प्रत्यक्ष भेटघाट गरेर प्राप्त सुझावको आधारमा शोधपत्र तयार गरिएको छ। विभिन्न पाठ्यपुस्तकको सूक्ष्म अध्ययन गरी विषयवस्तुसँग मिल्ने कुराहरू यस अध्ययन कार्यमा समावेश गरी सम्पन्न गरिएको छ। प्रस्तुत शोध अध्ययनको अवधारणात्मक ढाँचालाई निम्न तालिका चित्रमा उल्लेख गरिएको छ :

तालिका नं. १




खासगरी कविता विधालाई कविताका तत्त्वहरू र यसका रूपहरूको आधारमा व्याख्या विश्लेषण गर्नको लागि उपयुक्त मानिन्छ ।

### २.४.१ कविताका तत्त्वहरू

कविताको स्वरूप निर्धारण गर्नका लागि आवश्यक पर्ने आवश्यक अवयवहरूलाई नै कविताका तत्त्वहरू भनिएको हो । अर्को शब्दमा एउटा कविताले आफ्नो स्वरूप प्राप्त गर्नका लागि नभइनहुने खाका निर्धारण गर्ने सामग्रीलाई कविताका तत्त्वहरू भनिन्छ । कविताका लघुतमदेखि बृहत् रूपलाई नियाल्दा कविताका तत्त्वहरू निम्नानुसार छन् :

**क) शीर्षक**

कविले कविताको भावअनुसार राखेको नामलाई नै शीर्षक भनिन्छ । शीर्षकले कविताको मूल मर्म भावलाई समेटेको हुनुपर्छ । कविताको चुरोलाई अर्थ्याउन सक्ने आशययुक्त शब्द वा पदावलीबाट कविताको शीर्षक चयन भएको हुनुपर्छ । सिङ्गो रचनालाई प्रतिनिधित्व गर्ने, कविताको भाव र आशयलाई नै सटिकरूपमा व्यक्त गर्ने काम कविताको शीर्षकले गरेको हुन्छ । त्यसैले कविताको शीर्षक भनेको नै शिर हो ।

**ख) छन्द र लय**

कविताको आरोह-अवरोहका क्रमलाई मिलाउने काम छन्द र लयले गरेको हुन्छ । कवितालाई अरू विधाभन्दा फरक देखाउने तत्त्व नै लय र छन्द हो । कविताको गति, यति र लयलाई मिलाई श्रुतिमधुरता थप्ने काम कविताको छन्द वा लयले गरेको हुन्छ । कवितालाई प्राण भर्ने काम त छन्द र लयबाट नै हुने भएकाले पनि यो महत्त्वपूर्ण तत्त्व हो । विशेष गरी पद्य कवितामा त छन्द र लय अनिवार्य नै हुन्छन् भने गद्य कवितामा छन्दको गणना नभए पनि लय भने अवश्व नै जीवित रहेको हुन्छ । कविले कवितामा गरेको शब्दसंयोजन अनुरूप उत्पन्न हुने लयको ढाँचा र त्यसको आवृत्ति वार्णिक छन्दमा लेखिएका कवितामा नियमित हुन्छ भने मात्रिक र मुक्त छन्दका कवितामा अनियमित हुन्छ । विभिन्न प्रकारका अनुप्रासले पनि कवितामा शब्दालङ्कारको काम गरी लयसिर्जना गरेका हुन्छन् । पद्य कवितामा पाउ, श्लोक र छन्दका माध्यमबाट लयसिर्जना हुन्छ भने गद्य कवितामा वर्ण र शब्दको पुनरावृत्ति तथा अन्तर्अनुप्रासका माध्यमले लयसिर्जना हुने गर्दछ ।

कविता पद्य वा गद्य जे भए पनि लयात्मक हुन्छ । कवितालाई लयमा बाँध्ने काम छन्दले पनि गरेको हुनाले कविताको लयविधान महत्त्वपूर्ण पक्ष हो ।

**ग) संरचना**

कविताको संरचना भनेको त्यस कविताको सिङ्गो बनोट हो । पङ्क्ति, पाउ, श्लोक, सर्गबाट कविता, खण्डकाव्य र महाकाव्य निर्माण हुने गर्दछ । यसरी कविताको विभिन्न विधागत उपभेदहरुको संरचनागत पक्ष हो । संरचना दुई किसिमको हुन्छ । बाह्य संरचनाले हरफ, पाउ वा सर्ग र लयविधानलाई बुझाउँछ भने आन्तरिक संरचनाले कविताको कथनपद्धति, भावविधान र छन्दढाँचाभित्रको अन्तर्लयलाई समेत बुझाउँछ । संरचना तत्त्वबिना कुनै रचना निर्माण नहुने भएकाले यो कविताको अनिवार्य तत्त्व हो ।

**घ) दृष्टिविन्दु**

दृष्टिविन्दु कविताको अभिव्यक्तिको प्रक्रिया हो । कविले कविता पाठकसमक्ष पुऱ्याउन कुन रुपले प्रयास गरेको छ, कसको वर्णन गरेको छ भन्ने आधारमा दृष्टिविन्दु निर्धारित हुन्छ । प्रथम पुरुष दृष्टिविन्दु उपयोग गरिएको कवितामा म, हामी तथा तृतीय पुरुष दृष्टिविन्दु प्रयुक्त कवितामा ऊ, त्यो, उनी, तिनी आदि सर्वनामको प्रयोग गरिएको हुन्छ । कविता पनि कविको एकलात्मक अभिव्यक्ति नै हो तापनि विभिन्न कवितामा कविका कथनका ढङ्ग वा पद्धतिमा केही पृथकता पनि पाउन सकिन्छ । कवितामा कवि आफैले म का कोणबाट कथन गरेको छ भने त्यो प्रथम पुरुषत्मक कथन हुन्छ ।

**ङ) विषयवस्तु**

कवितामा प्रस्तुत गरिएको प्रमुख पक्ष नै विषयवस्तु हो । कविले जीवनका कुनै पनि पक्षबाट विषयवस्तु छान्न सक्छ । इतिहास, समाज, संस्कृति, परम्परा, विज्ञान, नीति, धर्मशास्त्र आदि कुनै पनि क्षेत्रबाट कविताको विषयवस्तु लिइएको हुन सक्छ । कवितामा सकेसम्म स्वभाविक, सान्दर्भिक एवम् समसामयिक विषयवस्तु  चयन गरिनु पर्छ । विषयवस्तु छान्दा पाठकको रुचिलाई पनि उत्तिकै महत्त्व दिनु पर्ने हुन्छ । यसरी सामाजिक जनजीवनका ज्वलन्त एवम् जीवन्त पक्षलाई कविताको विषयवस्तुले समेट्न सक्नु पर्छ ।

**च) भावविधान**

कवितामा अन्तर्निहित विचार भाव हो । कवितामा भाव वा अनुभूतिको प्रमुख स्थान हुन्छ । यसमा कविले वैयक्तिक अनुभूतिलाई पाठक सामु सोझै प्रस्तुत गर्दछ ।

यसमा कविका मान्यता, विचार, दृष्टिकोण, जीवन दर्शन आदि भावमय वा अनुभूतिमय भई प्रस्तुत हुन्छन् । कविले भाव वा अनुभूतिलाई प्रस्तुत गर्ने सन्दर्भमा कुनै सन्दर्भ, घटना वा विषयलाई समेट्न पनि सक्दछ । यसमा उक्त सन्दर्भ, घटना वा विषयलाई प्रस्तुत सङ्केतका रूपमा लिइएको हुन्छ । कविको भावना विभिन्न दर्शन र विचारका माध्यमबाट कविताको रचना गरिने हुँदा यो विधा भावमय हुन्छ ।

**छ) बिम्ब र अलङ्कार**

कवितामा व्यक्त भएका भाव विचारलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित भावसँगै छायाँ जस्तो भई आउने तत्त्व नै कविताका बिम्ब वा उपमाको प्रयोग कवितामा गरिएको हुन्छ । बिम्ब र अलङ्कारले कवितालाई सिङ्गार्ने काम गर्ने भएकाले कविताको गहनाको रूपमा अलङ्कारलाई लिने गरिन्छ । बिम्बले कवितामा लाक्षणिक अर्थ बहन गर्छ । प्रतीकमय भाषाले मानवीय संवेदना र संवेगलाई व्यञ्जनाका रूपमा प्रस्तुत गर्दछ । प्रतीक सामान्य अर्थमा प्रयोग नभई व्यङ्ग्यमा भर पर्छ र व्यङ्ग्यको समतुल्य हुन्छ । प्रतीकले कवितामा कविको मानसिक भावलाई सजीव रूपमा उतार्छ । बिम्ब र अलङ्कारबिना कविता चामत्कारिक नबन्ने हुनाले यसलाई कविताको आवश्यक तत्त्वका रूपमा लिने गरिन्छ ।

**ज) भाषाशैली**

कविले आफ्ना रचनालाई सुन्दर बनाउन प्रयोग गर्ने युक्तिलाई भाषाशैली भनिन्छ । कवितालाई प्रकट गर्ने माध्यम नै भाषा हो । कविताभित्र वर्णदेखि अनुच्छेदसम्मको विशिष्ट भाषिक संयोजन पाइन्छ । वर्ण, शब्द, पदावली, वाक्य र अुनच्छेदको चयन कौशलता कविताको भाषाशैली हो । भावलाई गतिशीलता प्रदान गर्ने माध्यम नै भाषा भएकाले भाषाशैली कविताको अनिवार्य तत्त्व मानिन्छ । कविले कविताको विषयलाई विभिन्न वर्णनात्मक शैलीशिल्प र संरचनामा प्रस्तुत गरेको हुन्छ । यसअन्तर्गत कवितामा प्रकट गरिएको पद वा शब्दको तात्पर्य र त्यसको अर्थगत क्षमता समेत पर्दछ । त्यसैगरी कविताको स्वरूप, संरचना र संयोजन पनि भाषाशैली अन्तर्गत नै पर्दछन् । कवितामा विशिष्ट भाषाको प्रयोग गरिन्छ । भाषाशैलीको उचित प्रयोगले कविता उत्कृष्ट बन्दछ ।

## २.४.२ कविताका रूपहरू

कविता सर्वप्राचिन विधा हो । आकारप्रकारका दृष्टिले कविताका निकै सानादेखि निकै ठूलासम्मका रूपहरू देखिएका छन् । कविताका लघुतम, लघु, मझौला र बृहत गरी चार रूपहरु रहेका छन् ।

### क) लघुतम कविता

कविताको सबभन्दा सानो रूप वा एकाइलाई नै लघुतम कविता भनिन्छ । मुक्तक, ताङ्का र हाइकु लघुतम कविताहरू हुन् ।यस्ता कविताहरू एक श्लोक, दुई पाउ वा चार पाउको आयाममा फैलिएका हुन्छन् । ३/४ हरफदेखि १०/१२ हरफसम्मको आयामभित्रका कविताहरू नै लघुतम कविताहरू हुन् । यस आकारका कवितामा कविले जीवनको निश्चित सिर्जनात्मक क्षणको सङ्क्षिप्त वर्णन गरेका हुन्छन् । यस्ता कविता आकारका दृष्टिले छोटो भए पनि ती स्वयम्मा पूर्ण स्पष्ट र खिरिलोपनयुक्त हुन्छन् ।

### ख) लघु कविता

लघुतम कविताभन्दा अलि विस्तारित आयामको कविता नै लघु कविता हो । सामान्यतया फुटकर कविता र गीत गजलहरूलाई नै लघु कविताको रूपमा हेर्ने गरिन्छ । पद्यात्मकलय र गद्यात्मक दुवै लयमा प्रस्तुत गर्न सकिने लघु कवितामा सूक्ष्म आख्यानको प्रयोग पनि हुन सक्छ । यस्ता लघु आकारका कवितामा कविले आकारका कवितामा कविले आफ्नो सिर्जनशील प्रतिभालाई पोखेकै हुन्छ । संरचनाका दृष्टिले उत्कृष्ट लघु कवितामा भावको आदि, मध्य र अन्त्यावस्थाको मसिनो रूप प्राप्त गर्न सकिन्छ । खण्डकाव्यभन्दा साना ९९ श्लोकसम्मका कविताहरू यसको आयामभित्र पर्दछन् ।

### ग) मझौला कविता

लघु कविताभन्दा फराकिलो आयामको तर बृहत रूपभन्दा सानो आकारको कवितालाई मझौला कविता भनिन्छ । सबभन्दा सानो रूप वा एकाइलाई नै लघुतम कविता भनिन्छ । खण्डकाव्यहरू मझौला कवितामा पर्दछन् । भावना र विचारले कविताको मझौला रूपमा आख्यानीकरण प्राप्त गरेका हुन्छन् । कविताको मझौला रूपमा मानव जीवनको सिङ्गो र समग्र रूप पाइदैन । यस्ता कवितामा मानव जीवनको कुनै एक पाटोको मात्र चित्रण गरिएको हुन्छ । आरम्भ, विकास र चरमोत्कर्षको सुनिश्चित

श्रृङ्खलामा बाँधिएको कथानकभित्र पात्रगत केन्द्रीयता, वातावरणीय एकोन्मुखता र स्वाभाविकता तथा भाषाशैलीगत एकपक्षीय प्रभाव र सुनिश्चित उद्देश्यमा गएर टुङ्गिने संरचना खण्डकाव्यमा रहेको हुन्छ ।

**घ) बृहत् कविता**

पूर्वीय परिभाषाअनुसार ८ सर्गभन्दा बढी आयाममा फैलिएको कविताको सबैभन्दा ठूलो रूपलाई बृहत कविता भनिन्छ । बृहत रूपको आयाम बोकेको कवितालाई महाकाव्य भनिन्छ । भामहले लामो कथानक भएको, महान् चरित्रमा आधारित नाटकीय पञ्चसन्धिद्वारा युक्त, उत्कृष्ठ एवम् अलङ्कृत शैलीमा रचित अनि जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गबद्ध , सुखान्त काव्य नै महाकाव्य हो, भनेका छन् । महाकाव्यको नायक देवता, उच्च कुलमा जन्मिएका क्षत्रीय अथवा उच्च वंशमा उत्पन्न राजा हुनुपर्दछ । नायकमा धिरोदात्त गुणहरू समावेश भएको हुनुपर्दछ । यसको कथावस्तु विस्तृत र पूर्ण जीवनगाथामा आधारित हुनुपर्दछ । यसमा आठभन्दा बढी सर्गमा विषयवस्तु सङ्गठित भएको हुनुपर्छ भने कथा इतिहास अथवा कुनै महापुरुषको वास्तविक जीवनगाथामा आधारित हुनुपर्छ । सामाजिक संरचना र त्यसभित्रका संस्कार, सभ्यता र लोकजीवनका बृहत युगीन अभिव्यक्तिहरु महाकाव्यमा प्राप्त गर्न सकिन्छ । समाजको विकासका सन्दर्भमा देखापरेका अनेकौ गतिविधिको विराट प्रस्तुति यसमा पाइन्छ । मानव आचरणगत बिम्बलाई कला र सौन्दर्यका विविध आयामहरूले काव्यको मूल्य कायम गरेका हुन्छन् । समग्रमा महाकाव्यलाई युगीन र मानव जीवनको सामाजिक संरचनालाई विस्तृत रूपमा समेटिएको महानदी हो भन्न सकिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

प्रस्तुत शोधपत्र तयार गर्नको लागि पाठ्यक्रम र पाठ्यपुस्तकबीचको तालमेल हेर्नको लागि तुलनात्मक विधिको प्रयोग गरिएको छ । पाठ्यपुस्तकमा अभ्यासहरू पाठ्यक्रम अनुरूप छन् की छैनन् भनि अध्ययन गर्न विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनोट रणनीति

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रको नयाँ पाठ्यक्रम (२०६९) अनुसार पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ मा नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको अध्ययन विश्लेषण नभएकोले यस अनुसन्धानको लागि प्रस्तुत कविताहरू छनोटमा परेका छन् । त्यसैले कक्षा छ का सम्पूर्ण कविताहरू नमूना छनोटको रूपमा रहेका  छन् ।

## ३.३ अध्ययन क्षेत्र

प्रस्तुत शोधको अध्ययन क्षेत्र नि.मा.वि. तहको आधारभूत शिक्षा पाठ्फत्रम ( २०६९) ले निर्दिष्ट गरेअनुरूप नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरू रहेका छन् ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरीका

### क) प्राथमिक सामाग्री

यो शोधकार्यका लागि आवश्यक विभिन्न प्रतिवेदनमा प्राप्त सूचना तथा छलफल रहेकाछन् ।

### ख) द्वितीय सामग्री

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले तयार गरेको नयाँ आधारभूत शिक्षा पाठ्यक्रम (२०६९), कक्षा ६ को नेपाली पाठ्यपुस्तक शिक्षक निर्देशिका विभिन्न

व्यक्तिहरूले गरेको शोधपत्रहरू, शोधकार्यसँग सम्वन्धित विविध पुस्तक तथा पत्रपत्रिकाहरू यो शोधकार्यका लागि आवश्यक सामग्रीहरूरहेकाछन् ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधपत्र तयार गर्दा पुस्तकालयीय स्रोतबाट सामग्रीहरू संकलन गरिएको छ । शोध अध्ययनसँग सम्वन्धित सूचनाहरू पुस्तकालयमा गई प्रत्यक्ष खोज तथा अध्ययन गरी टिपोट गरिएको छ । यसका अतिरिक्त नेपाली भाषा शिक्षणसँग सम्बन्धित पाठ्यक्रम, शिक्षक निर्देशिका पाठ्यपुस्तकहरू, सन्दर्भ सामग्रीहरू समेत स्वयम् खरिद गरिएकोछ । भाषा शिक्षकहरूश्रद्धेय गुरुहरूको अमूल्य सुझावहरू यो शोधपत्रमा संकलन गरी समेटिएको छन् ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

शोधपत्र तयार गर्नको लागि विभिन्न खोज तथा सूचनाहरू नै महत्त्वपूर्ण सामग्री हुने गर्दछ । तसर्थ शोध अनुसन्धान गर्ने विभिन्न आधारहरू हुन्छन् । अध्ययनलाई व्याख्या विश्लेषण गर्नको लागि तालिकीकरण, साङ्ख्यिकीकरणको प्रयोग गरिएको छ । अध्ययनलाई विश्वसनीय र वैध बनाउन तुलनात्मक तथा वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा छ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको अध्ययन

## ४.१ परिचय

प्रस्तुत परिच्छेद चार मुख्यत शोधपत्रसँग सम्बन्धित पाठ्य सामाग्री हो । यस परिच्छेदमा कविता विधाको मात्र व्याख्या विश्लेषण गरिएको छ । कविताका रूपहरू लघु, लघुतम्, मझौला र वृहत गरी चारवटा रहेका छन्, यी चारवटा रूपहरूको आधारमा कविताको रचना गरिएको हुन्छ । यस शोधपत्रमा पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ६ को हाम्रो नेपाली किताब भित्र समाविष्ट कविता विधाका पाठहरूको पाठगत अध्ययन, कविताको उद्देश्य, संरचनात्मक पक्ष, छनोट र स्तरणका अनुरूप कविताहरू उपयुक्त छ कि छैन आदि पक्षको अध्ययन तथा विश्लेषण गरिएको छ । तसर्थ हाम्रो नेपाली पाठ्यपुस्तक भित्र निम्न पाठहरूको अध्ययन गरिएको छ ।

## ४.२ पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको संरचनात्मक विश्लेषण

हाम्रो नेपाली किताब कक्षा छ मा समावेश गरिएका कविताहरूको शीर्षक छन्द/लय, संरचना, दृष्टिविन्दु, विषयवस्तु, भावविधान, बिम्ब/अलङ्कार र भाषाशैलीका आधारमा निम्नअनुसार चर्चा गरिएको छ :

### ४.२.१ 'गुरू' कविताको संरचनात्मक विश्लेषण

**क) शीर्षक**

प्रस्तुत 'गुरू' कविता कवि देवी नेपालद्वारा लेखिएको हो । यस कवितामा दुई वटा अक्षरबाट निर्मित 'गुरू' शब्दले कुनै पनि विधा वा शिक्षा प्रदान गर्ने व्यक्ति, शिक्षकलाई बुझाउदछ । 'गुरू' शब्द नाम पद हो । गुरू ज्ञानका सागर हुन् । सबै अवोध बालबालिकाहरूलाई असल ज्ञानका कुरा सिकाएर कर्मठ व्यक्ति बनाउने काम गुरूले नै गर्दछन् । धेरै दु:ख, कष्ट र अपमान सहेर भएपनि सधै उज्यालो छाया दिन्छन् । तसर्थ

प्रस्तुत कवितामा गुरूको गुणगाणको चर्चा गरिएको छ । वर्तमान् समयमा गुरूहरूप्रति गरिने श्रद्धा, सम्मान् निकै कम हुदै गएकाले कविताको शीर्षक उपदेशमूलक रहेको छ ।

**ख) छन्द र लय**

गुरूलाई मुख्य विषयवस्तु बनाएर लेखिएको गुरू कवितामा अनुष्टुप् छन्दको प्रयोग गरिएको छ । यो छन्दको ढाँचा निम्नानुसार रहेको छ :

- आठ अक्षरको एक पाउ ।
- चार पाउको एक श्लोक ।
- प्रत्येक पाउको पाँचौ अक्षर ह्रस्व ।
- प्रत्येक पाउको छैटौँ अक्षर दीर्घ ।
- पहिलो र तेस्रो पाउको सातौँ अक्षर दीर्घ ।
- दोस्रो र चौथो पाउको सातौँ अक्षर ह्रस्व ।
- अन्य अक्षर ह्रस्व दीर्घ जे पनि हुन सक्ने ।

प्रथम पाउ : १ २ ३ ४ ५ ६ ७ ८

I S S

द्वितीय पाउ : १ २ ३ ४ ५ ६ ७ ८

I S I

तृतीय पाउ : १ २ ३ ४ ५ ६ ७ ८

I S S

चतुर्थ पाउ : १ २ ३ ४ ५ ६ ७ ८

I S I

उदाहरण : गुरूमा ज्ञानको ज्योति चम्किलो जब बन्दछ ।

धर्तीले जन्मको सार पूर्ण भो भनि भन्दछ ॥

एक एक गरी ज्ञान शिष्यमा सर्न थाल्दछ ।

त्यागको तेज हो कस्तो ! ढुङ्गो पनि पगाल्दछ ॥

**ग) संरचना**

प्रस्तुत कविता पद्यात्मक संरचनामा संरचित छ । ८ अक्षरले बनेको यो छन्दमा प्रत्येक पाउको एक श्लोक रहेको छ । प्रत्येक पाउको पाचौँ अक्षर ह्रस्व र छैठौँ अक्षर दीर्घ रहेको छ । पहिलो र तेस्रो पाउको सातौँ अक्षर दीर्घ र दोस्रो र चौथो पाउको सातौँ अक्षर दीर्घ हुन्छ । छन्दको उपयुक्त प्रयोग गरिनाले कविताको लय मिठासयुक्त रहेको छ । प्रत्येक श्लोकमा रहेका कविताले गुरूको फरक-फरक किसिमको वर्णन गरेको पाइन्छ । कविताको प्रत्येक पाउको अन्तिमको शब्दहरू अन्त्यानुप्रास अनुसार राखिएको छ । गुरूको महान् कार्यहरूको गुणगाण गाउन वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । ठाउँ-ठाउँ उद्‌गार चिन्हको प्रयोग पाइन्छ । कवितामा तत्सम्, तत्भव शब्दहरूको प्रयोग गरिएको छ । गुरूलाई प्रतिकात्मक रूपमा विभिन्न प्राकृतिक वस्तुहरूसँग तुलना गर्ने काम भएको छ ।

**घ) दृष्टिविन्दु**

गुरूले मानवलाई साँचो मानव बन्न सिकाउछन् । 'गुरू' वास्तवमा डुङ्गा तार्ने माझी दाइ झैँ हुन । आफ्ना श्रम पसिना बर्षौसम्म बगाएर डुङ्गामा चढेका यात्रीहरूको सफल उद्धार गर्ने महान् उद्धारवादी एक मात्र गुरू हुन् । गुरूले मानिसको सुन्दर जीवन व्यतित गर्न सत् मार्ग निर्देश गरेका हुन्छन् । यी नै उच्च आदर्शमूलक विचारहरू कवितामा ओतप्रोत भएको पाइन्छ । तसर्थ औपदेशिक तथा नैतिकताको पाठ सिकाउने यो कविता तृतीय पुरुषात्मक दृष्टिविन्दुमा रचिएको छ ।

**ङ) विषयवस्तु**

प्रस्तुत हाम्रो नेपाली किताब कक्षा ६ अन्तर्गत पाठ-१, मा 'गुरू' कविता समाविष्ट रहेको छ । कवि देवि नेपालद्वारा रचित 'गुरू' कविता र पद्यात्मक ढाँचामा संरचित छ । विशेषगरी यो कविता अनुष्टुप् छन्द वा वर्णमात्रिक छन्दमा लेखिएको हुदा माधुर्य र सुमधुर किसिमको रहेको छ । कविता छ श्लोकमा विभाजित छन् । प्रत्येक श्लोकको माध्यमबाट फरक फरक किसिमको गुरूको वर्णन गरिएको छ ।

प्रथम श्लोकमा गुरूमा जब ज्ञानको ज्योति चम्किलो बन्दछ, त्यसपछि यो धर्तीका सम्पूर्ण शिष्यहरूमा एक एक गरी ज्ञान सर्न थाल्दछ र ढुङ्गो पनि पग्लन्छ भनिएको छ ।

गुरूमा एउटा ज्ञानको अभूतपूर्व शक्ति रहेको हुन्छ । यसैको माध्यमबाट सारा जगतमा ज्ञानको ज्वारभाटा उत्पन्न भई फैलिने कुरा कवितामा उल्लेख गरिएको छ । दोस्रो श्लोकमा गुरूले धेरै अपमान सहेर भएपनि लाखौ मानिसलाई मानिस बन्न आग्रह गरेका छन् । गुरू उज्यालो दिने सूर्य जस्तो भएकाले सवैमा प्रकाश छर्ने काम गरेका छन् । कविताको तेस्रो श्लोक रहेको छ । यसमा गुरू स्वयम् जलेर यो धर्तीमा उज्यालो दिन सकेको ठूलो त्यागको महिमा गाइएको छ । विभिन्न माटाका मूर्ति निर्माण गर्न माटो झैँ आफू गलेर मूर्ति निर्माण कार्यमा आफू लागेकोले धर्तीको शिर झुकाउन समेत गुरू सफल भएको करा उल्लेख गरिएको छ । यसैगरी कविताको चौथो श्लोकमा गुरूलाई कहिल्यै पनि मनमा चोट पुग्ने काम गर्न नहुने कुरा उल्लेख गरिएको छ । गुरूलाई यदि चोट परे हिमाल पनि झुक्न सक्ने र आँखामा आँशु देखे समुद्र पनि सुक्दछ । गुरू र शिष्यबीच शत्रुता बढ्यो भने छातीमा हुण्डरी चल्ने र सिसा झैँ नाता फुट्न सक्ने कुराको संकेत गरिएको छ । तसर्थ गुरूको श्रद्धा समान् गरेमा नाता झनै (प्रघाट हुने) जीवन्त हुने अपेक्षा गरिएको छ । कविताको पाँचौ श्लोकमा गुरूले रातसँगै लडेर उज्यालो दिन अनि ढुङ्गासँगै खेल्दै माटो बनाउछन् । उजाड भूमिमा सुन्दर फूल रोप्न सफल भई बगैँचा निर्माण गर्छन् । गुरू सम्पूर्ण शिस्यहरूको ज्ञानको सागर रहेकाले मानवीय गुण सिकाउछन् । जीवनमा केही काम गर्न सक्षम बनाउछन् । यसरी गुरूबाट पाठ सिकेर हामी मान्छे बन्न सिक्नुपर्छ । गुरूले निकै कठिन कार्य गरी असल जीवनयापन गर्नमा सत्वुद्धि दिने कुरामा जोड दिएका छन् । कविताको अन्तिम छैठौँ श्लोक रहेको छ । यसमा गुरू भनेका डुङ्गा तार्ने माझी झैँ हुन् जसले लाखौँ मानिसको कठिन यात्राको सफल उद्धार गर्ने काम गरेका छन् । गुरू एक दिन वृद्ध हुन्छन् । कुनै दिन डुङ्गा डुब्न सक्छ तर मानिसहरूले गुरूको यति ठूलो गुण बिर्सन नहुने कुरा प्रस्तुत कवितामा उल्लेख गरिएको छ ।

प्रस्तुत कवितामा गुरूमा ज्ञान हुन्छ । त्यो ज्ञान सदाबार चम्किरहन्छ । चम्किलो ज्ञानले अरुलाई आकर्षित गर्छ । मानिस शुरुमा निर्दोष हुन्छ । घरायसी र सामाजिक वातावरणबाट घुलमिल हुँदै नयाँ कुरा सिक्दै जान्छ । मानिसले जन्मेपछि ज्ञानगुणका कुरा लिनु पर्द । त्यस्तो ज्ञान पाएपछि मात्र अज्ञान हट्ने भएकाले मानिसको जन्म सार्थक हुन्छ । गुरूले दिने ज्ञान हरेक शिष्यमा सर्छ । शिष्यमा ज्ञान सर्नु गुरूको त्याग हो । यसले अज्ञानरूपी मनलाई पनि प्रकाशमय तुल्याउन सक्छ । गुरूले लाखौँ मानिसलाई सत्मार्गमा

लाग्न अभिप्रेरित गर्छन । गुरू भनेका ज्ञानका स्रोत हुन् । त्यसकारण एउटा बालकलाई महान् व्यक्ति बनाउने ज्ञानको चमत्कार गुरूमा भएकाले सम्पूर्ण मानिसहरूले गुरूलाई सधैँ आदर, समान् गर्नु पर्ने र इतिहासमा सबैको मन मस्तिष्कमा सम्झना राख्नु पर्ने कुरा प्रस्तुत कवितामा जोड दिएको छ ।

**च) भावविधान**

गुरू कविताको मूल सन्देश वा भाव नै नैतिक उपदेश दिनु हो । दिनप्रति दिन गुरूहरूलाई वेवास्ता गर्ने व्यवहार प्रति कविताले तिखो व्यङ्ग्य प्रस्तुत गरेको छ । यस धर्तीमा नयाँ नयाँ ज्ञानका विषयहरू बाड्ने र खराब संगतमा लागेकालाई सही मार्गमा लाग्न मार्गनिर्देश गर्ने काम गुरूहरूले गरेका हुन्छन् । ज्ञानको ज्योति सूर्य जस्तो चम्किलो प्रवाह गर्ने शक्ति गुरूमा मात्र हुन सक्छ । गुरूले दिनरात नभनि असल शिष्यको सुन्दर जीवन बनाउने काममा खटेका हुन्छन् । यस्ता महान् कार्य गर्ने गुरूको मन दुखाएमा हिमाल झुक्न सक्ने र आँखामा आँशु देखेमा समुन्द्र पनि सुक्न सक्ने चुनौती कवितामा उल्लेख गरिएको छ । गुरू र शिष्यबीचको नाता टुट्यो भने त्यो नाता कसैले पनि जोड्न नसक्ने बरु सिसा जस्तो फुटेर जाने हुदा सुमधुर नाता स्थापित गर्ने सवै जना समयमानै सचेत हुनुपर्ने पक्षमा जोड दिएको छ । कवि देवी नेपालले गुरूलाई सधै सम्मान् र श्रद्धा गर्न सके मानिसहरू सधैँ महान् हुने र हृदयमा राख्न सके जीवन सुन्दर हुने पक्षमा विशेष जोड दिएका छन् । यिनै विषयहरू नै कविताको मूलभाव रहेको छ ।

**छ) बिम्व र अलङ्कार**

गुरूलाई मुख्य विषयवस्तु बनाएर लेखिएको यस कवितामा बिम्बको रूपमा तेज, मट्टी झैँ, रविका छाया, सिसा झैँ, सृष्टिका गाथा, माझी जस्ता शब्दहरू प्रतीकात्मक अर्थ बोकेर आएका छन् । कविताको प्रथम र दोस्रो पाउमा अन्त्यानुप्रास मिलेको छ । यस कवितामा उपमा, रूपक, अलङ्कारको पनि प्रयोग गरेको पाइन्छ । तसर्थ कवितामा बिम्ब र अलङ्कारको प्रयोगले कविता लयात्मक बनेको छ ।

**ज) भाषाशैली**

'गुरू' कवितामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । प्रत्येक एक र दुई पाउमा अन्तिम शब्द अन्त्यानुप्रास मिलाइएको छ । मानिस, गुरू र प्रकृतिको सजिव

चित्रण गरी यसैको बढी वर्णन गरिएको छ । यो कवितामा विविध बिम्ब र प्रतीकको प्रयोग गरिएको पाइन्छ । अलङ्कारयुक्त वाक्यहरूको समेत प्रयोगले कविता हृदयस्पर्शी र सुमधुर तथा साङगीतिक लयको रहेको छ । तत्सम्, तत्भव शब्दहरूको प्रयोगले कविता ओजपूर्ण बनेको छ । तसर्थ सरल सहज किसिमको भाषाशैलीको प्रयोग पाइन्छ ।

## ४.२.२ 'खोला' कविताको संरचनात्मक विश्लेषण

**क) शीर्षक**

कवि सत्यमोहन जोशीद्वारा रचित 'खोला' कवितामा असार र साउन महिना वर्षादको समयमा निरन्तर पानी पर्ने हुँदा खोला नदी नालामा भेलबाडी आउने कुराको चित्रण गरिएको छ । खोला नामपद हो । समग्रमा खोलालाई मुख्य विषयवस्तु बनाएर तयार पारिएको यस कविताको शीर्षक सार्थक रहेको छ ।

**ख) छन्द र लय**

प्रस्तुत कविता खोलालाई विषयवस्तु बनाएर लेखिएको हुँदा यसमा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । यो छन्दको ढाँचा निम्नानुसार छ :

गणसूत्र : SSS SII III SSI SSI S S

राण : म भ न त त गुरू गुरू

उदाहरण : डाँडा काँडा वन सब डुली, भीरका खोँचबाट ।
बाटो खोज्दै हुनुहुनु गरी, फार्छु है भ्फारपात ॥
ठक्कर खाए यदि बगरमा, भर्छु गाना रमाई ।
डल्ला पाए पनि नजिकमा, लान्छु बाटो बनाई ॥

**ग) संरचना**

मन्दाकान्ता छन्द १७ अक्षरले बन्दछ । सरस एवम् सुमधुर लयले युक्त यस छन्दमा म (SSS) भ (SII), न (III), त (SSI), त (SSI) र अन्त्यका दुई अक्षरहरू गुरू (SS) भएर अक्षरक्रम मिलेको हुन्छ । १७ अक्षरको एक पाउ र चार पाउको एउटा श्लोक बन्ने यस वर्णमात्रिक छन्दमा हरेक पाउको चौथो, छैटौं, दशौँ र चौधौँ अक्षरमा विश्राम र

अन्तिम अक्षरमा पूर्ण विश्राम हुन्छ । मन्दाक्रान्ता छन्दमा रचिएको यो कविता अन्त्यानुप्रासयुक्त भएकाले लयात्मक छ । कवितामा तत्भव, आगुन्तरक शब्दहरूको प्रयोग गरिएको छ । यस कवितालाई जम्मा चारवटा श्लोकमा विभाजित गरिएको छ । कठिन शब्दको अर्थ पाठको तल तिर राखिएको छ । यो कविता मुक्त छन्द अन्तर्गत पद्यात्मक संरचनामा रहेको छ ।

**घ) दृष्टिविन्दु**

कवि सत्यमोहन जोशीले वर्षायाममा पानी पर्ने हुदा पहाडको डाँडा, पाखा, भीरबाट खोलाहरू बग्ने गरेको वर्णन गरेका छन् । सधैँभरी पानी नपर्ने हुँदा वर्षमा एक पटक मात्र पानी पर्दा खोलाले पहाड देखि तराई सम्म घुम्दै डुल्दै पुग्ने अवसर पाएको चर्चा गरिएको छ । आफ्ना थुप्रै साथीहरूसँग भेटघाट हुने र सँगै नाच्दै, रमाउदै किसानका खेतवारीमा पुग्न सफल भएको कुरा उल्लेख गरेको पाइन्छ । तसर्थ प्रथम पुरुषात्मक दिृष्टिविन्दुमा रहेको यो कविता उत्कृष्ट बन्न पुगेको छ ।

**ङ) विषयवस्तु**

प्रस्तुत 'खोला' कविता कक्षा छ को हाम्रो नेपाली किताबभित्र पाठ छ मा समावेश गरिएको छ । यस कविताका कवि सत्यमोहन जोसी रहेका छन् । यस कवितामा कविले प्रस्तुत गरेका विषयवस्तु यसप्रकार रहेको छ :

कविताको प्रथम श्लोकमा पहाडी भुभागमा डाँडा काँडा वन जङ्गल भीरका खोजबाट वरिपरि घुम्दै खोला बगेको पाइन्छ । बाटो बनाउन डल्ला फार्दै बगरमा झरेको कुरा समेत व्यक्त गरिएको छ ।

दोस्रो श्लोकमा खोला बग्दा खेरी विभिन्न ढुङ्गा, हाँगा बीगाँहरू फ्याँक्दै अघि बढेको दुःखहरू प्रकट गरिएको छ । पहाडको भिमफेदीबाट तराईको समथर मैदान सम्म पुग्न मोतिको माला जस्तो बनेकोले आफ्नै खाले सर्पको झैँ चाल गर्दै गन्तव्यमा पुगेको स्मरण गरिएको छ ।

तेस्रो श्लोकमा खोला बग्दा ठाउँ ठाउँमा सङगम दोभान भेटिन्छन् । यसरी खोला बगेर आउदा पानी घट्टा राखिएको हुन्छ । माछा, किराहरू सबै पानीभित्र नाच्दै रमाइ

रहेका हुन्छन् । खोलाको बगाई लड्दै, पछारीदै भएपनि आफ्नो यात्रा एकदमै संघर्षपूर्ण रहेको कुरा कवितामा प्रस्तुत गरिएको छ ।

कविताको चौथो श्लोकमा खोला आफ्ना हितैसी, साथीसँगीको खोजीमा थुप्रै पुलहरू डुलेको छ । विभिन्न ठाउँबाट आएका खहरे खोलाहरूसँग आफ्नो भेट भई सँगै हिडेको छ । खोला पहाडबाट बग्दै जादा तराईका मानिसहरूले धान रोप्न आफ्नो प्रतीक्षा गरी कुरीरहेका हुन्छन् । किसानलाई बारीमा अन्न फलाउनको लागि मलजल समयमानै पुऱ्याइ दिएको छ । वर्षभरी खाने अन्नबाली रोप्ने समय वर्षयाम भएकाले धान रोप्ने समयमा किसानको खेतमा पुगेको छ । आफूले गरेको यो महान् कार्यमा हर्षित भई कहिले नफर्किने बाटोतर्फ हिडेको छ । यसरी खोला कविताको अन्त्य भएको छ ।

**च) भावविधान**

कवि सत्यमोहन जोशीले 'खोला' शीर्षक कवितामा खोलाका आफ्ना जीवन भोगाइका अन्तर पीडाहरूलाई कविताका माध्यमबाट चित्रण गर्ने काम गरेका छन् । एक वर्षमा जम्मा बाह्र महिना हुन्छ । यसमा असार र साउन दुई महिना पुरै बर्षा हुन्छ । तिनै बर्षादको समयमा ठूलो पानी पर्छ । हिमाल, पहाड, तराई सबैतिर खोला, बाढी, पहिरो आउछ । ठूलठूला नदी नालाहरूमा भेल बाढी आउँछन् । तसर्थ कविले यसप्रकारको खोलाको सजिव चित्रण गरेका छन् ।

कविले प्रकृति वनजङ्गल, डाँडा पाखा, भीर, खोजबाट खोलाको जन्म भएकाले हिड्ने बाटो पनि आफूले नै बनाउदै हिड्नु परेको भाव कवितामा व्यक्त गरिएका छन् । मानिसहरू हिड्ने बाटोहरू खुल्ला र सजिला छन् तर खोलाले भने विभिन्न हाँगा बिँगाहरू, ढुङ्गा, मुढाहरू पन्छाउदै अघि बढेको यथार्थ पक्षको उद्घाटन गरिएको छ । यसरी विभिन्न दुःख कष्ट झेलेर पहाडबाट तराईसम्म पुग्न खोलाले निकै ठूलो मेहनत गर्नु परेको छ ।

यसरी खोला बग्नेक्रममा आफ्ना सहकर्मी साथीहरूसँग पुल छेउछाउमा भेट हुन्छ । पानीको फोका फरफर गर्दै नाच्दै, रमाउदै एक आपसमा दुःखलाई खुसीमा समीश्रण गर्छन् । खोला किनारमा पानी घट्ट राखिएको हुन्छ । मानिसहरूलाई घट्टा चलाउन खोलाले मद्धत गरेको विषय उठान गरिएको छ । यसैगरी पानी भित्र बसोवास गर्ने जलचर

प्राणीहरू माछा, अन्य प्राणीको जीवन सुरक्षा गर्ने काम खोलाले गरेको छ । खेती किसान गर्ने सम्पूर्ण नेपालीहरूलाई वर्षादको समयमा खेतबारी भरी नै पानी र मलजल ल्याएको प्रसङ्ग समेत उल्लेख गरिएको छ । थुप्रै साथीहरूसँगको सहयोगले मानिस, पशुपन्छी तथा अन्य प्राणीहरूको जीवन बचाउन समेत खोलाले ठूलो सहयोग गरेको छ ।

निस्कर्षमा भन्नुपर्दा 'पानी' मानव, पशुपन्छी तथा अन्य प्राणीहरूको लागि नभई नहुने वस्तु हो । पानी मानव जीवनको लागि अति आवश्यक वस्तु हो । यसको अभावमा जीवन जिउन एकै क्षण पनि सकिन्न । दैनिक जीवनमा पिउन, सरसफाइ गर्न, आदि कार्यमा यसको प्रयोग निकै नै हुन्छ । वर्तमान समयमा वनजङ्गल निकै विनास भइरहेको छ । खोला आसपासमा अतिक्रमण भइरहेको छ । पानीका मुहानहरू सुकिरहेको छन् । हरिया बन जङ्गल फडानी, चोरी तस्करी भइरहेको वर्तमान् परिप्रेक्षमा खोलालाई मानिसले संरक्षण गर्नु पर्ने र खोलाले मानिसको जीवन बचाउने गरेको महत्त्वपूर्ण त्याग, संघर्षलाई मानिसले बुझ्नु पर्ने प्रस्तुत कविताबाट सन्देशको रूपमा व्यक्त गरिएको छ । विभिन्न खोलाबाट जलविधुत निकाल्ने काम भएको हुन्छ । ठूला कल, कारखाना, उद्योग सवै विधुतबाट मात्र चल्छन् । तसर्थ खोलाले समग्र मानिसको जीवन जीउनमा ठूलो सहयोग गरेको हुदा खोला सुक्दै गरेको मुहान्हरू संरक्षण गर्नुपर्ने विचार व्यक्त गरिएको छ ।

**छ) बिम्ब र अलङ्कार**

मन्दाक्रान्ता छन्दमा लेखिएको यो कवितामा प्रकृति वनजङ्गल, डाँडा पाखा खोला आदिको यथार्थ चित्रण गरिएको छ । विविध प्राकृतिक प्रतीकहरू खोँच, भीर, मोति, सर्प, भुमरी, घट्ट आदि खोलाको बोध गराउन प्रयोग भएका छन् । यो कवितामा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ । खोला कवितामा भोलिको बन्छु माला जस्ता वाक्यमा बिम्बको प्रयोग भएको छ । त्यसैले कविता लयात्मक र उत्कृष्ट बन्न पुगेको छ ।

**ज) भाषाशैली**

प्रकृतिको वर्णनमा केन्द्रित खोला कविता मन्दाक्रान्ता छन्दमा रचिएको छ । सरल र सहज किसिमको भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । हुनुहुनु, फरफर, हररर, सरसर

जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । बिम्ब, प्रतीक, अन्त्यानुप्रास र अलङ्कारको प्रयोगले कविता लयात्मक र उत्कृष्ट बन्न पुगेको छ ।

## ४.२.३ 'स्वाभिमानी' मुख कविताको संरचनात्मक विश्लेषण

### क) शीर्षक

कवि क्षेत्रप्रताप अधिकारीद्वारा लिखित कक्षा छ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश 'स्वाभिमानी मुख' शीर्षक कवितामा नेपालीहरूको आत्म गौरवको महिमा गानलाई प्रस्तुत गरिएको छ । यस कवितामा 'मुख' नाम पद हो भने स्वाभिमानी विशेषण पद हो । 'मुख' नाम पदले सम्पूर्ण नेपालीहरूको अनुहार, चेहरा, मुहारलाई बुझाउदछ । खासगरी प्राणीहरूको खाने तथा बोल्ने अवयव नै मुख हो । स्वाभिमानीको अर्थ स्वाभिमान भएको, आत्म गौरव भन्ने बुझाउदछ । यसकारण आम नेपालीहरूको विभिन्न जात, भाषा, धर्म, संस्कृति रहे पनि उनिहरूको पहिचान र अस्तित्वचाहिँ एउटै स्वाभिमानी मुख रहेको हुन्छ । एक अर्कालाई मर्दा पर्दा सरसहयोग गर्ने चलन छ । एक जातिले अर्को जातिको भाषा धर्म, संस्कृति रीतिरिवाजहरूको सम्मान् गर्नु पर्दछ । हिमाल, पहाड, तराई जहाँ बस्ने भए पनि प्यारो लाग्छ, स्वाभिमानी मुख नै सवैको सुन्दर जीवन हो भन्ने भनाई रहेको कविताको शीर्षक सार्थक रहेको छ ।

### ख) छन्द र लय

प्रस्तुत 'स्वाभिमानी मुख' कविता नेपाली लोकलयमा आधारित भई लेखिएको छ । हाम्रो देश नेपालमा गाउँघरमा मेला पात, घास, दाउरा जादा गाउँमा लोकलयका गीतहरू गाउने चलन छ ।

### ग) संरचना

'स्वाभिमानी मुख' कविता निकै लोकप्रिय मानिन्छ । यस कविता जम्मा ६ वटा पङ्ति रहेको छन् । यो कार्यमा १५ र ८ अक्षरले संरचित्र रहेको छ । नेपाली कला संस्कृति बुझाउने शब्दहरूको प्रयोग गरिएको छ । भौगोलिक अवस्था, विकटता  धार्मिक पक्षको बारेमा बुझाउने शब्दहरूको छनोट गरिएको छ । यहाँ कविताको छोटो प्रशङगलाई उल्लेख गरिएको छ :

सोरठीमा खोज मलाई मादलुमा खोज
रोदीघरमा मारुनीको गाजलुमा खोज ।

उकाली ओरालीमा
कैले छाया भिरालीमा
ढोलकी र खैचडीमा
कैले माया मुरलीमा
बनेलीमा छाया हुन्छु
तिमी जस्तो होइन म त
जता छोयो तिमी हुन्छु ।

कविता लयात्मक तरीकाले गाउन सकिने खालका छन् । गीति भाकामा कविता प्रस्तुत गर्न सकिने भएकाले विद्यार्थीहरूलाई थप आनन्दानुभूति महसुस हुने गर्दछ । कविताको संरचना उपयुक्त किसिमले नै गरिएको पाइन्छ ।

### घ) दृष्टिविन्दु

कवि क्षेत्रप्रताप अधिकारीले नेपाली जीवनको विविध पक्षबाट कवितामा वर्णन गरेका छन् । सांस्कृतिक पक्ष, भौगोलिक विकटता तथा प्राकृतिक सुन्दरतालाई मानव जीवनसँग दाँजेर नेपाली पनको गौरवगान गाइएको छ । प्रथम पुरुषात्मक दृष्टिबिन्दु रहेको यो कविता प्राकृतिक बिम्ब र प्रतीकहरूको प्रयोगले सुमधुर तथा सङ्गितात्मक रहेको छ ।

### ङ) विषयवस्तु

प्रस्तुत कविताको पहिलो पङ्तिमा नेपाली कला संस्कृतिको महत्त्व दर्शाइएको छ । नेपाली समाजमा विभिन्न चाडपर्वमा मारुनी, सोरठी र रोदीघरमा साङ्गीतिक नृत्यहरू प्रस्तुत गर्ने गरिन्छ । गुरूङ र मगर जातिको सांस्कृकि पर्वमा सोरठीका गीतहरू गाउछन् । गुरूङ जातिले पनि आफ्नो रहनसहन, रीतिरिवाज अनुसार रोदीघरमा आफ्ना सांस्कृतिक कलाहरू प्रस्तुत गर्ने गर्छन् । यसैगरी नेपाली समाजको प्रसिद्ध लोक नाच मारुनीको पनि चर्चा गरिएको छ । मारुनी नाचमा महिलाको भेषमा नाच्ने गरिन्छ । मादलु र बाँसुरीको धुनमा नाचेको मजा बेग्लै हुन्छ । तसर्थ यस कवितामा सांस्कृतिक

लोक नृत्य कला, संस्कृति र बाजाहरूको महत्वको बारेमा विस्तृत वर्णन गरिएको पाइन्छ ।

कविताको दोस्रो पङ्क्तिमा नेपालमा ६८ प्रतिशत भूभाग पहाडले ढाकेको छ । वारीपारी डाँडा पाखा, उकाली ओराली जस्ता भूबनौट रहेको छ । मानिसहरू घास दाउरा, मेलापात गर्दै पहाडमा जीवन विताइ रहेका हुन्छन् । दिन भरी काम गर्दा शरीर थाकेको हुन्छ । यस्तो अवस्थामा पनि थकाइ नमारी सुमधुर गीत गाउदै, नाच्दै काम गर्छन् । यस्तै मिठा लोकभाकाको गीतहरूमा माया प्रीति समेत लाउने गर्छन् । यी नै प्रशङ्ग कवितामा उल्लेख गरिएको छ ।

कविताको तेस्रो पङ्क्तिमा चरीकोट भन्ने ठाउँ नेपालमा पर्दछ । चरीकोट पहाडी जिल्ला हो । चरीकोट भन्नेठाउँमा खरीको बोटहरू पनि पाइन्छन् । भोट जाने बाटो पनि यतै तिर छ । यसैको आसपासमा भेडीगोठ समेत रहेको छ ।

कविताको चौथो पङ्क्तिमा पश्चिम नेपालको पहाडी मुलुक हिमफेदी र भीमफेदी रहेको छ । हिमफेदी भौगोलिक विकटता भएको ठाउँ हो । मानिसहरूले विभिन्न दुःख गरेर कष्टले जीवन बिताई रहेका छन् । पानी ल्याउनलाई भीमफेदीको पँधेरीमा पुग्नु पर्छ । मानिसहरूले दुःखका जीवनहरू बिताएपनि यसैमा सुःख र आनन्द भएको अनुभूति प्रकट गरिएको छ ।

कविताको पाँचौ पङ्क्तिमा नेपालीहरूको दुःख, श्रम र पसिना पौरखी जीवन हो, विदेशी जीवनशैली भन्दा नेपालीपनमा जिउनु आनन्द रहेको भाव व्यक्त गरिएको छ ।

कविताको अन्तिम छैठौँ पङ्क्तिमा पूर्वी नेपालको झापा जिल्लामा रहेको माइखोलाको वर्णन गरिएको छ । वर्षमा एक पटक लाग्ने माइबेनी मेलामा हिन्दु धर्मावलम्वीहरूको घुइचो लाग्छ । नेपालको अर्को प्रसिद्ध तीर्थस्थल कागवेनीको पनि चर्चा गरिएको छ । यसर्थ हिन्दु धर्म संस्कृतिको बारेमा बढी महत्व बोक्ने मुक्तिनाथ एउटा प्रतिनिधि तीर्थ स्थलको रूपमा रहेको छ । यस्ता थुप्रै धार्मिक तीर्थस्थलहरू नेपालमा रहेको पाइन्छ । यसैगरी नेपालमा थुप्रै नदिनालाहरू रहेका छन् । त्यसमध्येको कर्णाली नदी एक हो। कर्णालीको पानी एकनासले बगेको छैन । नेपालमा थुप्रै जलस्रोतहरू छन् ।

पानीको मात्रा बुझ्नको लागि कर्णालीमा पुगेर हेर्नु पर्ने कुरा कवितामा प्रस्तुत गरिएको छ ।

**च) भावविधान**

प्रस्तुत 'स्वाभिमानी मुख' शीर्षक कवितामा नेपाली कला संस्कृतिको वयान गरिएको छ । नेपालमा सवैभन्दा पुरानो मारुनी नाचको चर्चा गरिएको छ । विविधतायुक्त नेपाली समाजमा रहेको बहु चर्चित लोक सङगीत सोरठी, रोदीघरको विशेष महत्व रहेको वर्णन गरिएको छ । नेपाल बहुजाति, बहुसंस्कृति, बहुधर्म मान्ने मानिसहरूको बसोवास रहेको देश हो । यिनीहरूले आ-आफ्नै धर्म, संस्कार रीतिरिवाज मनाउने चलन रहेको छ । मुलत : एकले अर्काको संस्कृतिलाई सम्मान् र सद्भाव व्यक्त गर्नुपर्ने कुरामा जोड दिएको छ ।

नेपालको भौगोलिक संरचना हिमाल, पहाड र तराइ गरी तिन प्रकारको रहेको छ । विशेषगरी पहाडी भेगमा ज्यादै उकाली ओराली बाटो हुन्छ । यातायातको सुविधा सबै ठाउँमा हुदैन । पहाडी लोक भाकाका सुमधुर गीत सङ्गीत गाउदै यहाँका मानिसहरूको दिनचर्या चलेको हुन्छ । स्थानीय ग्रामिण परिवेशको चित्रण गरिएको पाइन्छ ।नेपालको प्राकृतिक भूबनौट फरक किसिमको रहेको छ । नेपालमा अधिकांश पहाडी जिल्लाहरू दुर्गम क्षेत्रमा पर्दछन् । चरीकोट पनि यसको एउटा प्रतिनिधि ठाउँ रहेको छ । यसमा गाई वस्तु, भेडा चराउने ठाउँ, भेडी गोठ समेत पाइन्छन् । पानी भर्नको लागि निकै टाढाको ठाउँ भीमफेदीमा पुग्नु पर्दछ । पहाडी जीवनमा दुःखै गरेपनि आनन्द यसैमा रहेको विचार अभिव्यक्त भएको छ । मान्छेले सुःख पाएर हेपिनु भन्दा बरु दुःख गरेर बाच्नु राम्रो हुन्छ ।पहाडमा सेतो बुकी फूल फुले झैं मानिसले दुःख पाओस, कपाल फुलोस त्यो दुःखको जीवन नै नेपालीहरूको स्वाभिमानी परिचय हो, भनिएको छ । मानिसहरू क्षणिक सुःख र आनन्दमा छिटै रमाउछन् । सुःखको सागरमा रम्दै विदेशी संस्कृति, पैरनमा सजिन पुग्छन् । तर कविको विचारमा नेपाली संस्कृति अनुसारको जीवन जिउन सके एउटै स्वाभिमानी नेपाली हुने विचार व्यक्त गरेका छन् । नेपालमा ठूलठूला मेलाहरू लाग्छन् । विभिन्न धार्मिक रहनसहन अनुसार पूर्वको माइखोलामा लाग्ने माइबेनी मेलाले पूवीर्य हिन्दुदर्शनको विकासमा टेवा पुऱ्याएको छ । जल स्रोतको धनि हाम्रो देश नेपालमा मेची, महाकाली, कर्णाली जस्ता अरु धुप्रै नदीहरू छन् । प्रकृतिले मानिसलाई

थुप्रै वस्तुहरू उपहार दिएको छ । यसकारण हामी नेपालीको शीर विश्वमा उच्च रहेको छ ।सगरमाथा हाम्रो देश नेपालमा पर्दछ । राज्यपक्षबाट सम्पूर्ण प्राकृतिक स्रोत साधनको उचित संरक्षण गर्नु पर्ने कुरामा कविताले विशेष जोड दिएको छ ।

निष्कर्षमा भन्नुपर्दा प्रस्तुत कवितामा विभिन्न कोणबाट हामी नेपाली जीवनको गौरव गाथालाई चिनाउने काम गरिएको पाइन्छ । वर्तमान समय आज विज्ञान र प्रविधिको होडवाचीमा दौडिरहेको छ । मानिसहरू पनि यसैको पछि विदेशी कला, संस्कृति, खानपान, जीवनशैलीमा रम्न थालि सकेको पाइन्छ । तसर्थ हामी नेपाली यो देशमा इतिहासको पहिचान बनाएर बसेकाले हामीले आफ्नो नेपाली कला सभ्यता र संस्कृतिको जगेर्ना गर्नु पर्दछ भन्ने भाव यस कवितामा उल्लेख गरिएको छ ।

प्रकृतिले नेपाललाई धनि बनाइ दिएको छ । मानिसलाई आवश्यक पर्ने कुराहरू सवै प्रकृतिले उपहारको रूपमा दिइएको छ । यसलाई व्यवस्थित गर्दै सुरक्षा गर्ने काम नेपालीहरूको हो भन्ने सन्देश समेत दिएको छ ।

**छ) बिम्ब अलङ्कार**

यस कवितामा प्राकृतिक सुन्दरताको वर्णन सँगै नेपाली स्वाभिमान विश्वमै एउटै रहेको परिचय दिइएको छ । सोरठी, रोदीघर, मारूनी जस्ता शब्दहरू प्रतीकका रूपमा आएको छ । ढोलकी र खैंजडीले बजाउने साँस्कृतिक बाजाहरूलाई प्रतिनिधित्व गरेको छ । भिमफेदी र हिमफेदीले नेपालको भौगोलिक विकटतालाई चित्रित गरेको छ । ‘कैले सेतै बुकी फुल्छु’ भन्ने वाक्यले बिम्बको काम गरेको छ । प्रत्येक कविताको हरफको अन्त्यमा अन्त्यानुप्रास मिलेको छ । तसर्थ कवितामा बिम्ब र अलङ्कारको प्रयोग उपयुक्त मानिन्छ ।

**ज) भाषाशैली**

प्रस्तुत कवितामा सरल, सहज भाषाशैलीको प्रयोग भएको छ । कविता छोटो छ । यस कवितामा नेपाली लोकलयको प्रयोग गरिएको छ । यस कवितामा जातीय, संस्कृति र पहिचानको कुरालाई मुख्य रूपमा उठाइएको छ । नेपाली मौलिक कला संस्कृतिको वर्णन यस कवितामा गरिएको पाइन्छ । हामी नेपाली यथार्थमा गरिब छौ तर हाम्रो स्वाभिमान चाहि धनि छ भन्ने उच्च विचार यस कवितामा प्रकट गरिएको छ । तसर्थ भाषाशैली

उपयुक्त नै रहेको छ । कविता गीतिलयमा रचिएकाले उत्कृष्ट र श्रुतिमधुर बन्न पुगेको छ ।

## ४.३ पाठ्यक्रम अनुरूपता तथा भाषा शिक्षणका दृष्टिले कविताको विश्लेषण प्रक्रिया

### ४.३.१ भाषा पाठ्यक्रमको परिचय

'भाषा' शब्द संस्कृतिको 'भाष' धातुबाट निर्मित भएको हो । यसको शाब्दिक अर्थ 'भन्नु' वा बोल्नु हुन्छ । जो बोलिन्छ त्यो भाषा हो । भाषा मानवीय विचार आदानप्रदान गर्ने एक सशक्त माध्यम हो । भाषाकै माध्यमबाट मानिसले आफ्ना मनका कुरा अरुसमक्ष पुऱ्याउन सक्छ । तसर्थ भाषालाई थप स्पष्ट पार्न केही विद्वानहरूको भनाइ यसप्रकार उल्लेख गर्न सकिन्छ :

हेनरी स्विफ्टका अनुसार "वाक ध्वनिद्वारा विचार व्यक्त गर्ने माध्यम भाषा हो" भनेका छन् । यसैगरी भाषा एक किसिमको उक्तेजनाको प्रतिक्रिया हो' भनि भाषाविद्व ब्लुमफिल्डले परिभाषित गरेका छन् ।

मानिसका मनमा रहेका विविध इच्छा चाहना, मनोभावनाहरू रहेका हुन्छन् । त्यसलाई बाहिर प्रकट गर्न उच्चारण अवयवको माध्यम अपनाइन्छ । वाक ध्वनिद्वारा विचार व्यक्त गरिन्छ । तसर्थ भाषा एक किसिमको उत्तेजनाको प्रक्रिया हो भन्न सकिन्छ ।

भाषा मानव समुदायमा मात्र प्रयोग हुन्छ । भाषा कथ्य र अभिव्यक्तिको योग हो । हरेक भाषाका पुरानो पिँडीले नयाँ पुस्तामा भाषालाई सुम्पदै जान्छ । भाषाको आफ्नै परम्परा हुन्छ । भाषा एउटा व्यवस्थित रूप हो । भाषा विचार विनिमयको सजिलो माध्यम पनि हो । भाषा सिकाइका लागि विद्यार्थीहरूलाई एउटा व्यापक क्षेत्र उपलब्ध भएको हुन्छ ।यसैको आधारमा भाषा सिकाइ हुने गर्दछ ।

भाषा सिकाइका निम्ति कार्यक्रमको आवश्यकता पर्दछ । भाषिक सीप आर्जनका लागि लक्षित उद्देश्य हासिल गर्न गरिने सम्पूर्ण प्रयासको सिङ्गोस्वरूप नै भाषा पाठ्यक्रम हो । भाषा सिक्नु वा प्राप्त गर्नु एउटा सीप हो । भाषाको सीप हाँसिल गर्न अभ्यास र प्रयोगमा भर पर्दछ । तहगत रूपमा विद्यार्थीले गर्नुपर्ने भाषिक सीप आर्जनको प्रयास,

अभ्यास, क्रियाकलापका साथै सिकाइ उपलब्धि हासिल गराउन तयार पारिएको शैक्षणिक योजना नै भाषा पाठ्यक्रम हो । "भाषा सिकाइ अन्तर्गत कुनै पनि खास कक्षा वा तहमा दिइने शब्द ज्ञान, व्याकरण, ज्ञान, मौखिक एवम् लिखित रचना कौशल, बोध एवम् अभिव्यक्ति र संवाद, भाषण तथा अभिनय एवम् वार्तालाप क्रियाकलाप प्रशिक्षणका लागि तयार पारिएको सङगठित रूप नै भाषा पाठ्यक्रम हो (ढुङ्गेल र शर्मा, २०६१/६२ : ८) ।"

विद्यालय तहको पठन पाठनमा नेपाली भाषा शिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको छ । यो राष्ट्रिय भाषा, साझा सम्पर्कको भाषाका रूपमा रहेको छ । निम्न माध्यमिक तहमा नेपाली भाषालाई ५ पाठ्यभार र १०० पूर्णाङ्कमा कायम गरिएको छ । नेपाल सरकारले देशको ७५ वटै जिल्लामा नयाँ आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८ सम्म लागु गऱ्यो । नेपाली साहित्यका विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सीप र सिर्जनात्मक क्षमताको विकास गर्ने मुख्य उद्देश्य यस पाठ्यक्रमले लिएको छ । यस पाठ्यक्रम भित्र समय सापेक्ष विषयवस्तु, व्याकरण र सिर्जनात्मक सीप अभिवृद्धि गर्न सक्ने पाठ्यसामाग्रीहरू समेटिएका छन् । बदलिँदो युगको माग अनुसार विषयवस्तुहरू पाठ्युस्तकमा समेटी विद्यार्थीहरूमा भाषिक दक्षताको अभ्यास गराई नेपाली भाषा शुद्धसँग बोल्न र लेख्न सक्ने बनाउने लक्ष्य यस पाठ्यक्रमले राखेको छ ।

नेपाली भाषा राष्ट्र भाषा, मातृभाषा एवम् सम्पर्क भाषा भएकाले यसको महत्त्व ठूलो रहेको छ । नेपाली विषयलाई सामुदायिक विद्यालयमा अनिवार्य राखिनुको मुख्य कारण विद्यार्थीहरूलाई भाषिक दक्षताको विकास गराउनु र व्याकरण स्तरीय रूपमा सिकाउनु हो । दैनिक जीवनमा व्यवहारिक काम काज हुन्छन् । चिठ्ठी, निवेदन लेख्न पनि यसले सहयोग गर्दछ ।

यस पाठ्यक्रम भित्र पाठहरूको विधागत क्षेत्र, क्रम निर्धारण गरिएको छ । विधागत पाठहरूको वितरण र मूल्याङ्कन गर्ने विधि पनि स्पष्ट रूपमा किटान गरिएको छ । त्यसकारण नयाँ पाठ्यक्रमले सम्पूर्ण भाषिक सीप आर्जन गर्नको लागि अपनाउन सकिने सम्पूर्ण कार्यविधि निर्दिष्ट गरेको छ ।

## ४.३.२ भाषा पाठ्यक्रम र पाठ्यपुस्तकबीच सम्बन्ध

कुनै पनि भाषा सिकाउने कार्य जटिल मानिन्छ । यसको लागि एउटा निर्देशिका अवश्यक चाहिन्छ । यहाँ भाषा पाठ्यक्रम भनेको भाषिक सीप विकासका लागि तयार पारिएको विस्तृत योजना हो । भाषिक सीपअन्र्तगतका सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकासका लाीग आवश्यक मार्ग निर्देशनको काम भाषा पाठ्यक्रमले गर्दछ । भाषिक सीपहरूबाट बोध सुनाइ र पढाइ एवम् अभिव्यक्ति (पढाइ र लेखाइ) क्षमताको कार्यकलापहरूको मार्ग निर्देशन र नियन्त्रणको कार्य गर्नु नै भाषा पाठ्यक्रमको उद्देश्य मानिन्छ ।

पाठ्यपुस्तक भन्नाले भाषा शिक्षण गर्नका लागि पाठ्यक्रमको निर्देशनका आधारमा तयार पारिएको पाठ्य सामाग्री हो । कक्षामा विद्यार्थीहरूको स्तर, तह, रुचि, क्षमता, उमेर आदि पक्षलाई ख्याल गरी सम्पूर्ण विषयवस्तु, भाषिक सीप र व्याकरणको छनोट गरिनु पर्दछ । पाठ्यपुस्तककै माध्यमबाट कक्षा कार्य, गृहकार्य, मूल्याङ्कन लगायत अन्य पक्षको कार्य सम्पन्न हुने हुदा यसको निकै महत्त्व रहेको छ । पाठ्यपुस्तक शिक्षक र विद्यार्थीहरूको लागि उपयुक्त मुद्रित सामाग्री मानिन्छ ।

पाठ्यक्रमलाई सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना भन्न सकिन्छ । पाठ्यक्रममा उद्देश्यपूर्ति गर्न चाहिने सामाग्री वा साधनमध्ये महत्त्वपूर्ण साधन पाठ्यपुस्तक हो । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीहरूलाई कुन कक्षामा के सिकाउने, कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने आदि कुराको उत्तर दिन्छ भने पाठ्यक्रमले तोकेको के के र कति सिकाउने भन्ने विषयको विस्तृत जानकारी सङ्कलन तथा प्रस्तुति पाठ्यपुस्तकमा गरिएको हुन्छ । यसरी भाषा पाठ्यक्रमले विभिन्न कक्षामा भाषाका सीपहरू के कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने कुन विधिले सिकाउने आदिको बारेमा स्पष्ट पार्दछ भने पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न के कस्ता विषयवस्तु र विधालाई आधार बनाएर भाषिक सीपको विकास गर्न सकिन्छ भनेर ध्यान दिएको हुन्छ । भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध नङ र मासुको जस्तै रहेको हुन्छ ।

### ४.३.३ पाठ्यक्रमले तय गरेका नेपाली भाषाका सिकाइ उपलब्धिहरू

राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०६९/०५/०८ को बैठकबाट स्वीकृति प्राप्त भई नेपाल सरकारबाट मिति २०६९/०६/१० बाट कार्यान्वयनमा लैजाने निर्णय भए अनुसार आधारभूत शिक्षा पाठ्यक्रमलाई विद्यालय तहको कक्षा छ बाट क्रमश : कार्यान्वयनमा ल्याइएको छ। भाषिक सामर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ। त्यसैले यस पाठ्यक्रमलाई मूलता : भाषिक सीप विकासका पक्षमा केन्द्रित गरिएको छ। यसका लागि पाठ्यक्रमले निम्न लिखित पक्षमा जोड दिएको छ :

क) पाठ्यक्रमलाई समय, सापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउने।

ख) सक्षमतामा आधारित भाषिक सीपगत उद्देश्य निर्धारण गरी उपयुक्त पाठ्यवस्तुको छनोट एवम् सिमाङ्कन गर्ने।

ग) विद्यार्थीको पूर्व क्षमतामा आधारित रही माध्यमिक शिक्षाको पूर्वाधार निर्माण गर्न सिकाइको आवश्यकता रूचि र मानसिक दक्षता अनुरूप पाठ्यपुस्तको विस्तारमा सचेतना अपनाउने।

घ) भाषिक सीपहरूको अभ्यासका लागि विविध क्षेत्रबाट उपयुक्त विषयवस्तु छनोटको अपेक्षा गरिएकाले सामाजिक, ऐतिहासिक, राजनीतिक, सांस्कृतिक, कला, विज्ञान/प्रविधि जस्ता विविध क्षेत्रका विधाबाट भाषिक सीपको अभ्यास गराउने।

ङ) भाषिक क्षमता अभिवृद्धिका लागि पुरकका रूपमा कार्यमूलक व्याकरणलाई समावेश गर्ने।

च) विधाको क्षेत्र र क्रमलाई विस्तृत रूपमा स्पस्ट पार्ने।

छ) पठन, कौशल, रचना कौशल, शब्द भण्डार जस्ता पक्षमा जोड दिने।

ज) सन्तुलित र प्रभावकारी भाषाको मूल्याङ्कनका लागि पाठ्यवस्तुअनुरूप अङ्क भार निर्देश गर्ने।

झ) पाठ्य सामाग्रीको प्रकृति र उद्देश्यअनुरूपको सिकाइ क्रियाकलाप गर्ने।

**यसैगरी आधारभूत तहका लागि पनि तहगत सक्षमता तय गरिएको छ । तहगत सक्षमता निम्नअनुसार रहेको छ :**

क) मौखिक, लिखित, एवम् सञ्चार माध्यमका विषयवस्तुको सुनाइ र पढाइ

ख) प्रचलित विधागत सूचनामूलक सामाग्रीहरूको सुनाइ र पढाइ

ग) सिकेका कुराको विभिन्न माध्यमबाट अभिव्यक्ति ।

घ) वैयक्तिक र सामाजिक उद्देश्य परिपूर्तिका लागि विविध ढाँचा शैलीको लेखन

ङ) भाषिक विविधता पहिचान सहित परिस्थिति र सन्दर्भ अनुकूलको अभिव्यक्ति ।

च) उन्तर भाषिक तथा सांस्कृतिक विशेषता अनुरूप शिस्ट भाषाशैलीको प्रयोग ।

छ) सञ्चार शिल्प र सिकाइका लागि भाषाको प्रयोग ।

ज) निर्देशित तथा स्वतन्त्र रचनाको प्रस्तुति ।

झ) नेपाली भाषाका भाषिक विशेषताप्रति सचेतता र तदनुरूप प्रयोग ।

ञ) विचारको अभिव्यक्तिमा स्पष्टता तथा विश्लेषणात्मक प्रतिक्रिया ।

ट) योजना, सोधखोज, विश्लेषण, मूल्याङ्कनका आधारमा धारणा निर्माण ।

ठ) प्रभावकारी सिकाइ, रचनात्मक सोच तथा प्रत्यक्ष सम्पर्कबाट विचारहरूको सिर्जना र समस्या समाधान ।

## ४.३.४ पाठ्यक्रमले तय गरेका भाषिक सीपहरू

निम्न माध्यमिक तहको आधारभूत नेपाली विषयमा राखिएको ४ वटा भाषिक सीप अभिवृद्धिका लागि निम्नानुसार कक्षा ६ को कक्षागत सिकाइ उपलब्धिहरू पाठ्यक्रमले तय गरेको छ :

**क) सुनाइ र बोलाइ**

१. शब्दहरूमा प्रयुक्त उच्चार्य वर्णहरू सुनि तिनको भिन्नता पहिल्याउन ।

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

३. अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न ।

४. सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न

५. सामान्य मौखिक वर्णहरू सुनी मुख्य कुरा बताउन ।

६. कविता, गीत, कथा वर्णन र जीवनी सुनेर प्रतिक्रिया जनाउन ।

७. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदिमा प्रभावकारी ढङ्गले भाग लिन

८. आफूले देखे सुनेका, अनुभव गरेका वस्तु, वातावरण र घटनाको विषयमा वर्णन गर्न

९. सिलसिला र हाउभाउ मिलाइ बोल्न ।

१०. अनुभवका आधारमा सन्दर्भ र प्रसङ्ग मिलाई मौखिक रूपमा प्रश्नोत्तर गर्न ।

११. भाषिक मौलिकता पहिचान गर्ने गरी वक्ताहरूको अभिव्यक्ति सुन्न ।

**ख) पढाइ**

१. लिखित सामाग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पस्ष्टसँग वाचन गर्न ।

२. विभिन्न विधाका पाठहरू आशयअनुसार पढ्न ।

३. मुख्य मुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न ।

४. विभिन्न प्रयोजनाका लागि लिखित सामाग्रीहरूको मौन वाचन गर्न ।

५. प्रतिक्रिया दिन सक्ने गरी विभिन्न विधाका पाठहरू सस्वर वाचन गर्न ।

६. पाठमा प्रयुक्त शब्दहरूको अर्थ बुझी पढ्न ।

७. विभिन्न विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न ।

८. विभिन्न मुद्रित तथा विद्युत्तीय सामाग्री रूचि पूर्वक पढ्न ।

**ग) लेखाइ**

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न

२. लेख्यचिन्हहरूको ठिकसँग प्रयोग गर्न

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न ।

४. आफूले सुनेका, देखेका, अनुभव गरेका घटना ।

५. सुनेका, पढेका विषयवस्तुको सार लेख्न ।

६. अनुच्छेद, चिठ्ठी र निवेदन सिलसिला मिलाई लेख्न ।

७. आफ्नो रूचिअनुसारका विषयमा स-साना मौलिक रचना गर्न ।

८. वाक्यमा सङ्गति मिलाई तिनको उपयुक्त प्रयोग गर्न ।

९. विशिष्ट अंशको भाव विस्तार/व्याख्या गर्न ।

१०. व्याकरणसम्मत वाक्य रचना गर्न ।

## ४.३.५ विधाको क्षेत्र र क्रम

विधाले अभिव्यक्तिका विभिन्न प्रकारलाई जनाउँछ । विषयवस्तु प्रस्तुत गर्ने ढङ्ग ढाँचा तथा शैलीको प्रकार नै विधा हो । यस अर्न्तगत कथा, कविता, प्रबन्ध, जीवनी रूपक आदि पर्दछन् । विधाको क्षेत्र भन्नाले त्यस विधाले ढाक्नुपर्ने कुरा वा सीमा भन्ने बुझिन्छ । अर्को अर्थमा कथा, कविता, प्रबन्ध आदिमा देखापर्ने विविधता नै विधाका क्षेत्र हुन् । विषयवस्तुको क्रम भन्नाले तिनको सरलबाट जटिलतिर, ज्ञानबाट अज्ञाततिर, मूर्तबाट अमूर्ततिर भन्ने बुझिन्छ ।

अहिले कक्षा छ को नेपाली विषयको पाठ्यक्रममा विधागत रूपमा प्रबन्ध र निबन्ध, कथा, जीवनी, चिठ्ठी, रूपक, कविता र कार्यमूलक गरी ७ ओटा विधा र व्याकरण समावेश गरिएको छ । कार्यमूलकमा लिङ्ग, व्याकरणमा सङ्गति, काल पक्ष, अर्थ वा भाव, वाक्य परिवर्तन शब्दवर्ग, कारक र विभक्ति, उच्चारण र वर्णगत, शब्दगत, लेख्य चिन्ह, वर्ण विन्यास, शब्दभण्डार र उखान टुक्का समावेश गरिएको छ ।

कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कविता विधाले समेटेको क्षेत्र र क्रम यसरी उल्लेख गर्न सकिन्छ :

तालिका नं. २

| क्र.सं. | विधा | छन्द कविता | लोक कविता |
|---|---|---|---|
| १ | कविता | गुरू<br>खोला | स्वाभिमानी मुख |

तालिका नं. ३

| क्र.सं. | विधा | |
|---|---|---|
| | | कक्षा छ |
| १ | प्रबन्ध/निबन्ध | क) सामाजिक/सांस्कृतिक<br>ख) प्राकृतिक/वातावरणीय<br>ग) कलात्मक/कला सम्बन्धी<br>घ) वैज्ञानिक/प्राविधिक |
| २ | कथा | क) लोककथा/नीतिकथा<br>ख) पौराणिक/ऐतिहासिक कथा |
| ३ | जीवनी | राष्ट्रिय र अन्तरराष्ट्रिय<br>क) साहित्यकार/कलाकार<br>ख) आविष्कारक<br>ग) प्रेरक व्यक्तित्व/विचारक |
| ४ | चिठी | क) घरायसी<br>ख) कार्यालयीय |
| ५ | रूपक | क) संवाद<br>ख) वाद विवाद |
| ६ | कविता | क) छन्दोबद्ध कविता<br>ख) लोक कविता |

| | | |
|---|---|---|
| ७ | कार्यमूलक व्याकरण आ) सङ्गति | क) लिङ्ग<br>ख) वचन<br>ग) पुरुष<br>घ) आदर |
| | आ) काल | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् |
| | इ) पक्ष | क) अपूर्ण<br>ख) पूर्ण |
| | ई) अर्थ वा भाव | क) आज्ञार्थ<br>ख) सम्भावनार्थ |
| | उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष, आदर र कारण/अकरणका आधारमा |
| | ऊ)वाच्य परिवर्तन | |
| | ए) शब्दवर्ग | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद |
| | ऐ) कारक र विभक्ति | क)विभक्ति (ले, लाई, द्वारा, देखि, बाट, मा) को, का, की/रो, रा, री/नो, ना, नीको प्रयोग |
| | ओ) उच्चारण ( वर्णगत, शब्दगत) | क) क/ग, च/ज, ट/ड, त/द, प/ब, क/ख, च/छ, ट/ठ, त/थ, प/फ ध्वनिको उच्चारण<br>ख) कर/गर, चरा/जरा, टालो/डालो, तह/दह, पल/बल, कम/खप, चल/छल, टप/ठप, तल/थल, पर्सि/फर्सी जस्ता शब्द जोडीको उच्चारण |
| | औ) लेख्य चिह्न | क) पूर्ण विराम<br>ख) प्रश्न चिह्न |

| | | |
|---|---|---|
| | | ग) अल्प विराम<br>घ) उद्गार चिह्न |
| | अ) वर्ण विन्यास | पाठमा प्रयुक्त शब्दहरूमा वर्ण विन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ,ई,उ,ऊ)<br>ख) य/ए<br>ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) ञ/ण/न<br>छ) पदयोग र पद वियोग |
| ८ | शब्द भण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान र टुक्कासमेत) | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) पारिभाषिक/प्राविधिक<br>घ) अनुकरणात्मक |

**क) नैतिकता**

कवि देवि नेपालद्वारा लेखिएको 'गुरू' कवितामा गुरूको बारेमा वर्णन गरिएको छ। यस कवितामा प्रशस्त ज्ञान गुरूमा मात्र हुन्छ। एउटा अवोध बालकको सुन्दर जीवन बनाउने काम गुरूले मात्र गर्न सक्दछन् भन्ने विषयहरू उल्लेख गरिएको छ। मानिस जन्मदा खाली दिमाख लिएर जन्मन्छ। त्यसकारण सम्पूर्ण मानिसहरूलाई योग्य र क्षमतावान बनाउने जिम्मा गुरूको मात्र हुन्छ। गुरूले विभिन्न खाले समस्या, दुःख कष्ट खपेर आफ्नो विद्यार्थीहरूले सुन्दर भविष्य बनाउन दिनरात खटेका हुन्छन्। त्यसकारण गुरूको महिमा अपार छ भन्ने नैतिक उपदेश समेत प्रस्तुत कविताले दिइएको छ।

'गुरू' र शिष्य बीचको सम्बन्ध कहिल्यै विगार्न नहुने र गुरू एकदिन वृद्ध भए भने पनि विद्यार्थीहरूले गुरूलाई श्रद्धा आदर, सम्मान् र स्मरण गर्न भुल्न नहुने सन्देश समेत दिइएको छ ।

**ख) प्राकृतिक वर्णन**

कवि सत्यमोहन जोशीद्वारा लेखिएको 'खोला' कवितामा समग्र प्रकृतिको मात्र वर्णन गरिएको छ । डाँडा काँडा, वनजङ्गल, भीरपाखा, झारपात, बगर आदि प्रकृतिको सजिव चित्रण गरिएको छ । खोला पहाड देखि तराइ मधेस सम्म पुग्न बाटामा भएका विभिन्न खाले दुःख र कठिनाइहरूको बारेमा उल्लेख गरिएको छ । खोलाले वर्षमा एक पटक मात्र यस धर्तीमा घुम्न पाउने भएकाले जस्तो सुकै दुःखका भेलहरू भएपनि संघर्ष गर्दै किसानका खेतबारीमा समयमानै मलजल पुऱ्याइ दिएको प्रसङ्ग उल्लेख गरिएको छ ।

यहाँ 'खोला' कविता प्रतीकात्मक रूपमा आएको छ । खोलाले हाम्रो देश नेपालमा भएका सम्पूर्ण नदीनालाहरूलाई बुझाएको छ । हाम्रो देश नेपाल जलस्रोतले धेरै धनि छ । त्यसकारण खोला, नदीनालालाई नेपाल सरकारले समयमानै व्यवस्थित संरक्षण गरी विद्युत उत्पादन गर्न सक्छ । खोला, नदी आसपासमा भएका जमिनलाई नदी कटान गर्नबाट संरक्षण गर्न सके त्यहाँ खुल्ला बगर हुन पाउदैन । खोलाको पानीले सम्पूर्ण मानव जीवन, पशुप्राणी, जिवजन्तु बाँच्न सकिएको छ । त्यसकारण 'खोला' को महत्त्व निकै ठूलो रहेको कुरा यस कवितामा व्यक्त गरिएको छ ।

**ग) सामाजिक र संस्कृति**

कवि क्षेत्रप्रसाद अधिकारीद्वारा लिखित 'स्वाभिमानी मुख' नामक कवितामा नेपाल र नेपालीको उच्च स्वाभिमानको वर्णन गरिएको छ । हाम्रो देश नेपाल विश्व मानचित्रमा सानो भएपनि यहाँको विविध धर्म, संस्कृति रीतिरिवाज, रहनसहन, कला र साहित्यमा धेरै धनि छ । 'समाज' मानिसहरू मिलेर बस्ने एउटा सुन्दर र फराकिलो ठाउँ हो । यहाँ धेरै जात, धर्म र संस्कृति मान्ने मानिसहरू बसेका छौ । क्षेत्रि, बाहुन, राई, लिम्बू, गुरूङ, तामाङ धिमाल आदि जातिको आ-आफ्नै धर्म र संस्कृति छ । विशेषगरी नेपालीहरूको सवै भन्दा पुरानो मारुनी नाच पूर्वमा धेरै चर्चित र लोक प्रिय मानिन्छ ।

गुरूङ जातिको रोदीघर र मगर जातिको सोरठी पनि वहुचर्चित सांस्कृतिक लोक भाका मानिन्छ। ढोलकी र खैजडी जस्ता सांस्कृतिक बाजाहरू पनि यहाँ पाइन्छन्।

भौगोलिक हिसावले नेपाल हिमाल, पहाड र तराइ रहेको छ। जहाँ बसे पनि हामी नेपाली हौँ भन्ने भाव कवितामा व्यक्त गरिएको छ। सवै क्षेत्रमा भने जस्तो विजुली र यातायातको सुविधा छैन। हिमफेदी, भीमफेदी र चरीकोट भन्ने ठाउँको समेत कवितामा वर्णन गरिएको छ। यसको आशय भनेको हामी नेपाली पहाडमा दुःख गरी बसे पनि त्यो नै हाम्रो लागि सुःखको जीवन सरह हुन्छ। नेपालमा माइबेनी मेला, मुक्तिनाथ जस्ता थुप्रै पवित्र धार्मिक स्थलहरू रहेका छन्। हिन्दु धर्म मान्ने मानिसहरू यस्ता पवित्र धार्मिक स्थलगमा गई पूजा गर्ने गर्छन्। तसर्थ यसको विशेष महत्व रहेको पाइन्छ।

निष्कर्षमा भन्नुपर्दा कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा विविध नैतिक, प्राकृतिक, सामाजिक र संस्कृति सम्बन्धिको वर्णन गरी लेखिएको कविताहरू उपदेशमूलक तथा सन्देश दिने खालका रहेका छन्। मूलत : कविताको माध्यमबाट विविध विषयको विद्यार्थीहरूलाई ज्ञान सीप सिकाइनु उपयुक्त मानिन्छ।

## ४.३.६ पाठ्यवस्तुको छनोट र स्तरण

भाषा शिक्षणका लागि प्राप्त समय, विद्यार्थीहरूको तह, स्तर, उमेर, क्षमता, पारीवारिक पृष्ठभूमि, सिकाइ प्रवृत्ति एवम् रुचि पूर्णता जस्ता शैक्षणिक तथा मनोवैज्ञानिक पक्षहरू समेतको ख्याल गरी उपयुक्त भाषिक पाठ्य सामग्री रोज्नु वा चयन गर्नुलाई भाषा पाठ्यक्रम निर्माणको छनोट भनिन्छ। पाठ्यक्रमले निर्देश गरे अनुरूप विद्यार्थीहरूको मनोवैज्ञानिक पक्ष र पूर्व क्षमतालाई समेत विशेष ध्यान दिई पाठ्यवस्तु छनोट गर्नु पर्दछ।

खासगरी कक्षा ६ मा पढ्ने विद्यार्थीहरू प्रायः ११ देखि १२ वर्ष सम्मका हुन्छन्। यस उमेर समूहका विद्यार्थीहरूमा शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक विकासात्मक पक्षले निकै प्रभाव पार्दछ। तसर्थ यस्ता पक्षलाई समेत मध्यनजर गरी स्तर अनुकूल पाठ्य सामाग्री छनोट गर्नुपर्दछ।

प्रस्तुत कक्षा ६ को हाम्रो नेपाली किताब भित्र समावेश भएको पहिलो 'गुरू' कवितामा विद्यार्थीहरूलाई नयाँ नयाँ ज्ञानका कुराहरू सिकाउने गुरूलाई सधैं

आदर, सम्मान, गर्न सबैलाई कर्तव्यवोध गराएको छ । यो कविता अनुष्टुप छन्दमा लेखिएको हुदा लयात्मक किसिमको छ । वर्णनात्मक भाषा शैलीको प्रयोग पाइन्छ । शब्द छनोटका दृष्टिले केही कठिन खाले शब्दहरू राखिएको पाइन्छ । वाक्य संरचना भने कवितामा उपयुक्त ठानिए पनि घुमाउरो अर्थ दिने खालका छन् । विद्यार्थीको रूचि, स्तर, उमेरका आधारमा भन्नुपर्दा नैतिक कविता भन्दा प्राकृतिक विषयको सरल कविता छनोट गर्नु उपयुक्त मानिन्छ ।

दोस्रो कविता 'खोला' रहेको छ । यो कविता मन्दाक्रान्ता छन्दमा लेखिएको छ । कविता छन्दमा लेखिएको हुदा लयात्मक किसिमको रहेको छ । प्रकृति खोला, डाँडा, पाखा, वन जङ्गल जस्ता सरल शब्दहरूको छनोट गरिएको छ । वाक्य संरचना उपयुक्त रहेपनि भाव र अर्थ भने घुमाउरो किसिमको अर्थ लाग्ने खालका छन् ।

तेस्रो कविता 'स्वाभिमानी मुख' रहेको छ । यो नेपाली लोकलयमा आधारित कविता रहेको छ । विद्यार्थीहरूले सजिलै गाउन सक्ने र रमाइलो गर्ने खालका छन् । हामी नेपाली एउटै हौं, हामी गरिब भएपनि हाम्रो स्वाभिमानी मुख उच्च छ भन्ने गौरव गाथा युक्त कविता रहेको छ । नेपालीहरूको कला संस्कृतिको महत्त्व झल्किने खालको शब्द र वाक्य रचनाको छनोट गरिएको छ ।  तसर्थ यो कविता अन्य कविताहरूमध्ये विद्यार्थीहरूलाई मन पर्ने खालको रहेको छ ।

स्तरण भनेको शिक्षण सिकाइका निम्ति उद्देश्य अनुरूप छनोट गरिएका पाठ्यवस्तुलाई सुनिश्चित एवम् सुव्यवस्थित अनुक्रममा बाँधेर प्रस्तुत गर्नु भन्ने बुझिन्छ । यसको मुख्य धेय शिक्षणलाई प्रभावकारी गोरेटो प्रदान गर्नु हो । तसर्थ यहाँ हाम्रो नेपाली पाठ्यपुस्तक भित्रका कविता विधाहरू पाठ्यक्रम अनुरूप स्तरण गरिएको छ कि छैन भन्ने विषय प्रमुख रहन्छ ।

पाठ्यक्रम अनुरूपताका आधारमा 'गुरू' र 'खोला' २ वटा छन्दोबद्ध कविता र स्वाभिमानी 'मुख' १ वटा लोक कविता गरी जम्मा ३ वटा कविताहरू छनोट र स्तरण गरिएको छ । 'गुरू' र 'खोला' कविताको वाक्य संरचना लामा खालका छन् । सरल देखि जटिल क्रममा स्तरण गरेको पाइदैन । तर स्वाभिमानी मुख कविता उपयुक्त नै छन् । समग्रमा विद्यार्थीहरूको वौद्धिक स्तरलाई कमै मात्रामा ध्यान दिएको पाइन्छ । तर शिक्षा वा सन्देश दिने हिसावले कविताहरू ज्ञानवर्द्धकनै मानिन्छन् ।

छनोट र स्तरण बेग्लाबेग्लै कुरा भएपनि एक अर्काका परिपूरक तत्त्व हुन् । छनोट स्तरण भन्दा अगाडि नै गरिने कार्य हो भने छनोट पछि मात्र स्तरणको कार्य आउछ । तर स्तरण बिनाको छनोट नुनबिनाको तरकारी जस्तै बन्न जान्छ ।

## ४.३.७ विधाका पाठहरूको वितरण

कक्षा ६ मा छनोट गरिएका विधागत पाठहरू थुप्रै छन् । ती पाठहरूको विधागत क्रम र पाठ सङ्ख्या निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ४

| क्र.स. | विधा | पाठ संख्या |
|---|---|---|
| १ | कथा | ६ |
| २ | कविता | ३ |
| ३ | प्रवन्ध/निबन्ध | ४ |
| ४ | रूपक | २ |
| ५ | जीवनी | ३ |
| ६ | चिठ्ठी | २ |
| | जम्मा | २० |

प्रस्तुत तालिकामा छ वटा विधाहरू रहेका छन् । कविता विधा अर्न्तगत ३ वटा पाठ सङ्ख्या छुट्याइएको छ । हाम्रो नेपाली पाठ्यपुस्तकमा 'गुरू' 'खोला' र स्वाभिमानी मुख गरी ३ वटा कविता समावेश गरिएको छ । पाठ्यक्रमले निर्देश गरे अनुसारका पाठहरू कक्षा छ को नेपाली पाठ्यपुस्तकमा छनोट गरी राखिएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१. हाम्रो नेपाली किताब कक्षा ६ को कविता विधा विश्लेषणको निष्कर्ष

यो शोधपत्र कक्षा छ को पाठ्यपुस्तकमा समावेश कवितालाई पाठ्यक्रम अनुरूपतता र संरचनात्मक पक्षको विश्लेषणमा केन्द्रित छ। कविता विधाको सूक्ष्म अध्ययन विश्लेषणबाट निम्न निष्कर्षहरू निकालिएको छ :

१. 'हाम्रो नेपाली' पाठ्यपुस्तकमा २० वटा पाठहरू रहेको छ। यसमा जम्मा ३ वटा मात्र कविता रहेको छ। यी मध्ये २ वटा छन्दमा र १ वटा लोकलय गद्यमा आधारित छ।

२. पाठ्यक्रमले कक्षा छ मा छन्दोवद्ध र लोकलय कविता गरी २ प्रकारको क्षेत्र उल्लेख गरेको छ। पाठ्यक्रम अनुरूपताकै आधारमा कक्षा ६ मा नीतिप्रधान छन्द कविताहरू 'गुरू' र 'खोला' रहेका छन्। त्यसपछि सामाजिक लोकलयमा आधारित अर्को स्वाभिमानी मुख कविता रहेको छ।

३. कक्षा छ को हाम्रो नेपाली विषयको पाठ्यभार ५ र पूर्णाङ्ग १०० रहेको छ।

४. बिम्ब र अलङ्कारको प्रयोगले कविताहरू पाठ्यक्रमले अपेक्षा गरेअनुसार विद्यार्थीहरूलाई आनन्दानुभूति दिने खालका छन्। कविताहरू लयात्मक किसिमका छन्।

५. 'गुरू' र खोला कवितामा प्रयोग भएका केही अप्ठ्यारा शब्द र वाक्यहरू रहेका छन्। कक्षाछ मा पढ्ने बालबालिकाहरूलाई बुझ्न गाह्रो हुने खालको छ।

६. छनोट र स्तरणका दृष्टिले कविताको क्रम मिलेको पाइदैन। सरलदेखि जटिलतिरको सिद्धान्तलाई अनुशसरण गरेको पाइदैन।

७. विद्यार्थीहरूको उमेर, रुचि, स्तर, तह, तथा संवेगात्मक पक्षलाई ख्याल नगरी नैतिक उपदेश दिने खालका शास्त्रीय छन्दका कविताहरू समावेश गरिएको छ।

८. हाम्रो नेपाली पाठ्यपुस्कभित्र जम्मा ३ वटा कविताहरू छन् । कवि देवि नेपालद्वारा गुरू कविता लेखिएको छ । गुरू कवितामा २४ पङ्क्तिको छ श्लोकमा विस्तार भएको पद्य कविता हो । प्रत्येक श्लोकमा ४ वटा पाउ रहेको छ । यो कवितामा प्रयोग भएका शब्दहरू बढी क्लिस्ट र तत्सम् खाले छन् । यो कवितामा अनुस्टुप छन्दको प्रयोग भएको छ । कवितामा कठिन खाले वाक्य संरचनाको प्रयोगले भाव बुझ्न निकै गाह्रो भएको छ । विद्यार्थीहरूको उमेर र बौद्धिक स्तरलाई त्यति ख्याल गरेको पाइएन । बिम्ब, अलङ्कार र अत्यानुप्रासको उपयुक्त प्रयोगले कविता लयात्मक बन्न पुगेको छ । 'गुरू' कवितामा नयाँ ज्ञानका कुरा सिकाउने गुरूलाई सवैले आदर, सम्मान् गर्नु पर्ने, गुरूले ज्ञान सिकाउदा खेप्नु परेका सम्पूर्ण दुःख कष्टहरूलाई सम्झनु पर्ने कुरामा मुख्य जोड दिएको छ । यसमा वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएको छ । यसपछि सत्यमोहन जोशीद्वारा लेखिएको खोला कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । यो पनि पद्य कविता हो । प्रत्येक कविताको पाउमा १७ अक्षरमा कविता संरचित रहेको छ । यस कवितामा प्रत्येक श्लोकमा ४ वटा पाउ गरी जम्मा ४ श्लोकमा विस्तारित गरिएको छ । पहिलो पाउको अन्तिमको शब्द र दोस्रो पाउको अन्तिमको शब्द अन्त्यानुप्रासयुक्त रहेको छ । यस कवितामा हरेक पाउको चौथो, छैठौ, दशौँ र चौधौँ अक्षरमा विश्राम र अन्तिमको अक्षरमा पूर्ण विश्राम हुन्छ । कवितामा तत्सम् र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । कवितामा कठिन शब्द र वाक्य रचनाको प्रयोगले कविताको भाव बुझ्न निकै समस्या रहेको पाइयो । यसमा बिम्ब, प्रतीक, अलङ्कार र अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको छ । वर्णनात्मक भाषाशैलीको प्रयोगले सम्पूर्ण प्रकृतिको वर्णन गरिएको छ । तसर्थ कविता श्रुतिमधुर र लयात्मक किसिमको छ । तेस्रो कविता स्वाभिमानी मुख रहेको छ । कवि क्षेत्रप्रसाद अधिकारीले हाम्रो नेपाली समाजको गाउँ घरमा गाइने लोकभाका अर्थात लोकलयलाई आधार मानेर यो कविता लेखेका छन् । नेपाल आफैमा सुन्दर मुलुक हो । प्राकृतिक सम्पदा, विविध लोक संस्कृति, रीतिरिवाज रहन सहन आदिको वर्णन गरिएको छ । नेपालीहरू श्रम, गरेर खाने सच्चा नागरिक हुन् भन्ने कुराको वर्णन यस कवितामा गरिएको छ । पहाडको उकाली ओराली, हिमफेदी भीमफेदीको चर्चा समेत गरिएको छ । यहाँका मारुनी, सोरठी र रोदीघरको समेत महत्त्वको

बारेमा कवितले वर्णन गरेका छन् । यहाँ ठूल ठूला मठ मन्दिर रहेकोले मुक्तिनाथ जस्ता तिर्थस्थलमा गई नेपालीहरूले पूजा गर्ने गर्छन् । पूर्वको झापामा रहेको माइखोलामा वर्षमा ठूलो माइबेनी मेला लाग्ने हुदा सवै नेपालीहरू त्यहाँ सहभागी भई रमाइलो गर्ने प्रसङ्ग उल्लेख गरिएको छ । यस कवितामा सरल शब्द र वाक्य रचनाको प्रयोग गरिएको छ । कविता गीतिलयमा रहेकाले विद्यार्थीहरूले सजिलै गाउन सक्ने किसिमको रहेको छ । समग्रमा सम्पूर्ण नेपालीहरूको गौरव गाथाको वर्णन गरेर यो कविता लेखिएको हुदा शीर्षक 'स्वाभिमानी मुख' उपयुक्त रहेको छ । नेपाली कला संस्कृति, भौगोलिक विकटता, आदिको वर्णनात्मक शैलीको वर्णन गरि लेखिएकाले विधार्थीहरूको स्तर, उमेर र रुचि अनुसार उपयुक्त रहेको मान्न सकिन्छ ।

९. लय विधानका दृष्टिले ३ वटै कविता गुरू, खोला स्वाभिमानी मुख उपयुक्त नै छन् ।

१०. भाव विधानका हिसाबले हेर्दा 'गुरू' र 'खोला' कवितामा केही जटिल शब्द र वाक्यको प्रयोग गरिएका छन् । त्यस कारण कविताको मुख्य भाव बुझ्न विद्यार्थीहरूको लागि कठिनाई महसुस गर्न सकिन्छ । 'गुरू' कविताले नीति प्रधान् उपदेशमूलक पक्षमा विशेष जोड दिएको छ भने 'खोला' कविताले पनि प्रतीकात्मक रूपमा अन्य खोलाहरूको समस्या, आवश्यकता र महत्त्वको विषयमा बढी जोड दिएको छ । 'खोला' कविता प्रकृति प्रधान रहेको पाइन्छ । 'स्वाभिमानी मुख' कविताले कला संस्कृतिको पक्षमा बढी जोड दिएकाले सामाजिक र संस्कृति प्रधान रहेको छ ।

११. शब्द छनोटका आधारमा 'गुरू' र खोला कविता भन्दा 'स्वाभिमानी मुख' कवितामा सरल, सहज किसिमको शब्दहरूको प्रयोग गरिएको पाइन्छ । विद्यार्थीहरू गीति लयमा सिक्न र पढ्न पनि बढी इच्छुक हुन्छन् ।

१२. वर्तमान् समय सन्दर्भका आधारमा नैतिकता, कला संस्कृति र नेपाल र नेपालीहरूको गौरव गाथालाई समेटेर कविताहरू छनोट गरिएको भएपनि आगामी दिनमा विद्यार्थीहरूको स्तर, रुचि, उमेर बालमनोविज्ञान सबै पक्षलाई ध्यान दिई शास्त्रीय छन्दका कविता भन्दा प्रकृति, दैनिक जीवन व्यवहार घटनासँग सम्बन्धित विषयहरूलाई स्थान दिई बनाउन सकिन्छ ।

## ५.२ 'हाम्रो नेपाली' किताव कक्षा ६ को कविता विधाको पाठहरूको सबल तथा दुर्बल पक्षहरू

१. नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको पाठ संख्या, विधागत छनोट र भाषिक क्षेत्रलाई ध्यान दिई पाठ्यपुस्तक तयार गरिनु यसको सबल पक्ष मानिन्छ ।

२. पाठ्यक्रममा निर्धारण गरिएका साधारण उद्देश्य र विशिष्ट उद्देश्यलाई ध्यानमा राखी पाठ्यपुस्तकमा विभिन्न विधाहरू कथा, कविता, निवन्ध/प्रवन्ध, जीवनी, चिठ्ठी, रूपक, कार्यमूलक व्याकरण समायोजन गरिनु यसको सबल पक्ष मानिन्छ ।

३. समय सापेक्ष उपयोगी हुने खालका पाठ्यसामाग्रीहरू र चित्र, रङ्गीन नहुनु यसको दुर्बल पक्ष मानिन्छ ।

४. भाषिक सीपका सबै पक्षलाई समेट्ने कोशिस भएपनि शब्द छनोट र वाक्य संरचनामा विद्यार्थीहरूको तह, स्तर, रूचि, उमेर, पूर्वक्षमता, मानसिक दक्षता आदि पक्षलाई ख्याल गरी छनोट गर्न नसक्नु यसको दुर्बल पक्ष रहेको छ ।

५. कविता विधाको मध्यमबाट विद्यार्थीहरूलाई भाषिक सीप सिकाइनु सबल पक्ष मानिन्छ ।

६. विभिन्न छन्दयुक्त पद्य कविता र नेपाली लोक लयमा आधारित गद्य कविता छनोट गरी यस तहमा समावेश गरिनु सबल पक्ष मानिन्छ ।

७. विभिन्न बिम्ब, प्रतीक अन्त्यानुप्रास, अनुकरणात्मक शब्दहरूको प्रयोगले कविता श्रतिमुधुर, सङगीतात्मक र लयात्मक बनेको छ । विद्यार्थीहरूलाई गीति लय, मुक्त लय तथा विभिन्न प्रविधिद्वारा भाषिक सीपको दक्षतामा विकास गर्नु राम्रो पक्ष मानिन्छ ।

८. छनोट र स्तरणका दृष्टिले कविता विधाको क्रम सरलबाट जटिल तिरको सिद्धान्तमा आधारित भएको पाइएन ।

## ५.३ प्रयोग

यस शोध कार्यको अध्ययन पश्चात नीति निर्माताका लागि, प्रयोग तहका लागि र भावी अध्ययन अनुसन्धानका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

**क) नीति निर्माताका लागि**

१. पाठ्यपुस्तकमा समावेश प्रत्येक विधाको स्पष्ट रूपमा अङ्क विभाजन गरिनु पर्छ।

२. पाठ पढाउन लाग्ने समयलाई शिक्षक निर्देशिकाले अनुमानित घण्टी भनेर मात्र उल्लेख गरेको छ। त्यसलाई स्पष्ट किटान गरिनु पर्दछ।

३. शिक्षण विधिको स्पष्ट किटान गरिनु पर्दछ।

४. समय सापेक्ष उपयोगी हुने खालका पाठ्य सामाग्रीहरू रङ्गिन चित्रको प्रयोग गरिनु पर्दछ।

५. कवितामा शब्द छनोट र वाक्य संरचना सरल देखि जटिलको क्रममा गरिनु पर्छ।

६. तत्सम् शब्दहरूको बढी प्रयोग कवितामा भएकाले विद्यार्थीहरूलाई भाव बोधमा कठिनाइ उत्पन्न भएको छ। सकेसम्म विद्यार्थीहरूको स्तर, तह, उमेर रुचि, मानसिक पक्ष आदिलाई आगामी दिनमा सम्बन्धित पक्षले ध्यान दिनु जरुरी छ।

**ख) प्रयोग तहका लागि**

१. कक्षा ६ मा पढ्ने विद्यार्थीको स्तर अनुकूल कविता छनोट हुनु पर्ने।

२. छनोट क्रमलाई ख्याल गरेर सिर्नानात्मक अभ्यासमा ध्यान दिनुपर्ने।

३. विद्यार्थीको मनोवैज्ञानिक पक्षको ख्याल गरेर सर्वाङ्गीण विकासको लागि ध्यान दिनु पर्ने।

**ग) भावी अध्ययनका लागि शोध शीर्षकहरू**

१. कक्षा ६ मा पाठ्यक्रम अनुरूपताका आधारमा हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरूको अध्ययन।

२. नमूना अभ्यासको विश्लेषण ।

३. कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिको अध्ययन

४. नेपाली भाषा पाठ्यपुस्तकमा समावेश सिर्जनात्मक अभ्यासको अध्ययन ।

५. कक्षा ६ को पुरानो र नयाँ पाठ्यक्रमले समेटेका कविता विधाको तुलनात्मक अध्ययन ।

६. कक्षा ६, मा हाम्रो नेपाली किताबमा समावेश वर्णविन्यास सम्बन्धि अध्ययन ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६५), *प्रारम्भिक नेपाली शिक्षण, पाँचौं संस्करण,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०७०), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, नवराज (२०५८), *कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको विश्लेषणात्मक अध्ययन,* महेन्द्ररत्न क्याम्पस ताहाचलमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

निरौला, पर्शुराम (२०७०), *पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरूको अध्ययन,* सुकुना बहुमुखी क्याम्पस इन्द्रपुरमा प्रस्तुत अप्रकाशित शोधपत्र ।

नेपाल सरकार (२०६९), *आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८),* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग (दोस्रो संस्करण),* काठमाण्डौ : शुभ-कामना प्रकाशन प्रा.लि : ताहाचल ।

भण्डारी, पारसमणि (२०६५), *'नेपाली कविता र काव्य',* विद्यार्थी पुस्तक भण्डार काठमाण्डौ भोटाहिटी ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६८), *साहित्यशास्त्र र नेपाली समालोचना,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

लामिछाने, यादवप्रकाश (२०६५), *छैठौं संस्करण, नेपाली भाषाशिक्षण परिचय,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।